म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ३४ मंगलबार, १७ भदौ २०८२ ने. सं. ११४५ ञलाथ्व 2 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थाहानगरमा राष्ट्रिय मानवअधिकार सरोकार केन्द्रको समिति गठन

हेटौंडा, १६ भदौ/थाहानगरमा राष्ट्रिय मानवअधिकार सरोकार केन्द्रको नगर समिति गठन गरिएको छ । भेलाले सर्वसम्मत निर्णय गर्दै नयाँ कार्यसमिति गठन गरेको हो । कार्यक्रमका सभाध्यक्ष नीरज रायमाझीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुखअतिथि पूर्वमहान्यायाधिवक्ता डा. मुक्ति प्रधान रहेका थिए । कार्यक्रममा विशेष अतिथिकारुपमा केन्द्रीय उपाध्यक्ष मित्रमणि शर्मा, महासचिव बीरेन्द्र साह लगायतको उपस्थिति थियो । त्यसैगरी इन्द्र श्रेष्ठ, बिनोद लामा, कृष्णबहादुर बिष्ट, अरुण रायमाझी र यादवजंग रायमाझी अतिथि रहेका थिए । नवगठित थाहानगर समितिको अध्यक्षमा नीरज रायमाझी चयन भएका छन् । उपाध्यक्षमा रीता कार्की र नीरन्जन अधिकारी, सचिवमा ललितसिंह ठकुरी, कोषाध्यक्षमा सरोज बिष्ट चयन हुँदा समिति सदस्यमा मनश्याम बस्नेत, नारायण तामाङ, उदयदास श्रेष्ठ, हरिशरण कार्की, मनोहर बिष्ट, मेनुका थापामगर चयन भएका छन् । समितिले मानवअधिकार संरक्षण, प्रवर्द्धन र सचेतनामूलक कार्यक्रम गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

### बागमती प्रदेशसभाको विशेष समय: बलियो सरकारको परराष्ट्र नीति कमजोर

# सीमा विवादमा संकल्प प्रस्ताव पारित गर्न माग

मनिल महतो

हेटौँडा, १६ भदौ/बागमती प्रदेशसभा सदस्यहरुले सीमा विवादमा संकल्प प्रस्ताव पारित गर्न माग गरेका छन् ।

सोमबार बसेको प्रदेश सभा बैठकमा विशेष समयमा सांसद्हरुले नेपाल भारत र चिन बीचको लिपुलेक, लिम्पियाधुरा विवादका विषयमा संसद्बाट संकल्प प्रस्ताव पारित गर्न माग गरेका हुन् ।



उनीहरुले पश्चिमी सीमाक्षेत्र लिपुलेकलाई व्यापारिक नाकाको रुपमा प्रयोग गर्ने गरी भारत र चीनबीच भएको सम्झौताप्रति आपत्ति जनाएका थिए । नेपालको सहमतिबिना भएको कुनै पनि सम्झौता मान्य नहुने उनीहरुको भनाई छ । सरकारले कुटनीतिक पहल गरेर विवाद समाधान गर्नुपर्ने उनीहरुले बताए । संख्यात्मकरुपमा सरकार बलियो रहेपनि परराष्ट्र नीति कमजोर हुँदा सीमा विवादमा समेत कुटनीतिक पहल गर्न नसकेको उनीहरुको आरोप थियो । चीन र भारतले नेपाललाई जानकारी नै नदिई नेपाली भूभाग हस्तक्षेप गर्नु राष्ट्रियता माथिकै प्रहार भएको उनीहरुको धारणा छ ।

विशेष समयमा नेकपा माओवादी केन्द्रका सांसद युवराज दुलालले सीमा विवादका सन्दर्भमा तत्काल संसद्ले संकल्प प्रस्ताव पारित गरेर अघि बढ्नु पर्ने बताए । विभाजित मानसिकताबाट देश नबन्ने उनले बताए । सांसद् दुलालले सबै नेपालीहरु राष्ट्रवादी नहुँदा आफ्नो भूमि फिर्ता नआउने बताए । संकल्प प्रस्तावलाई प्रदेश सरकारमार्फत् संघीय सरकारलाई समेत पठाउनुपर्ने उनले बताए । नेपालको राष्ट्रियता, सार्वभौमिकता र अखण्डतामा आँच आउने गरी कसैले पनि काम गर्न नहुने भन्दै संसद्को साझा धारणाका रुपमा संकल्प प्रस्ताव पारित गर्नुपर्ने उनले बताए ।

सांसद् दुलालले को धरै राष्ट्रवादी भन्नेमा प्रतिस्पर्धा नगरी एकजुट भएर गुमेको भूमि फिर्ता ल्याउनुपर्ने धारणा राखे । व्यापारिक नाकाको रुपमा दुई ठुला देश चीन र भारतले आफ्नो अनुकूलतामा नेपाली भूमि प्रयोग गर्न नहुने उनले बताए । बैठकमा एमाले बागमती प्रदेशसभाका प्रमुखसचेतक एकालाल श्रेष्ठले लिपुलेक नाका भएर आवतजावत गर्न भारत र चीनबिच भएको व्यापारिक सम्झौताप्रति चिन भ्रमणका क्रममा प्रधानमन्त्री केपी शर्माओलीले यो क्षेत्र नेपालको सार्वभौम अधिकार भएको दाबी गरेको बताए ।

'नेपालको तर्फबाट सार्वभौम सत्ता र भौगोलिक अखण्डताको बारेमा चिनियाँ राष्ट्रपतिसमक्ष महाकाली नदी पूर्वका लिम्पियाधुरा, लिपुलेक र कालापानी नेपालको अभिन्न अङ्ग भएको दाबी गर्नुभएको छ । नेपालको सहभागिता र सहमतिबिना भारत चीनबीचको व्यापारिक सम्झौता हाम्रा लागि किमार्थ स्वीकारे छैन' उनले भने, 'सम्झौताले नेपालको अतिक्रमण गरेको छ भनेर त्यसलाई सच्याउनको निम्ति चिनियाँ राष्ट्रपतिसमक्ष आग्रह गर्नुभएको छ । आफ्नो देशको भौगोलिक रक्षाको निम्ति हिम्मतका साथ प्रधानमन्त्रीले आफ्नो विचार प्रस्तुत गर्नुभएको छ ।'

सुगौली सन्धि बमोजिम महाकाली पूर्वका सम्पूर्ण भूभाग नेपालको भन्ने दाबी सहित राष्ट्रसैमा दर्ता पनि भएको प्रमुखसचेतक श्रेष्ठले बताए । अवस्थामा प्रदेशसभाबाट संकल्प प्रस्ताव पारित गरेर अघि बढ्दा उपयुक्त हुने उनले बताए । बैठकमा माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकालले लिपुलेख भन्ज्याङलाई दुई देशबीचको पारस्परिक नाका बनाउने भनेर २०७२ जेठ १ गते निर्णय भएको बताए । भूकम्पले नेपाल एकदम थिलथिलो भएको थियो कमजोर भएको अवस्था र चीनको सम्झौता भएको उनले बताए । प्रमुखसचेतक ढकालले भारत र चीनबीच भएको व्यापार सम्झौता खारेज गर्न सरकारले कस्तो भूमिका रहन्छ भनेर प्रश्न गरे । राष्ट्रियताको विषयम धेरै संवेदनशील भएकोले सबै दलहरुले एउटा साझा धारणा बनाएर संकल्प प्रस्ताव पारित गर्नुपर्ने उनले बताए ।

साथै सोमबारको बैठकमा सदस्यहरुले विपद् जोखिम न्युनीकरण र व्यवस्थापनमा सरकारको ध्यानाकर्षण गराएका छन् । देशका विभिन्न भागमा बाढीपहिरो गइरहेको र सरकारले त्यसको व्यवस्थापनमा तदारुकता नदेखाएकोप्रति गम्भीर बन्न आग्रह गरएको छ । प्रदेशसभा सदस्यहरुले सरकारको कमजोर विपद् व्यवस्थापन, अव्यवस्थित, जीर्ण र जोखिमपूर्ण सडक, कृषकका समस्या, र मध्यवर्ती सीमाना लगायत विषयमा सरकारको ध्यानाकर्षण गराए । सभामा बोल्दै सदस्यहरुले बागमती प्रदेशका १३ वटै जिल्लामा पूर्वाधार विकासको अवस्था अत्यन्त कमजोर रहेको र चुनौतीलाइ सरकारले थोरै मात्र पनि पार गर्न नसकेको बताएका छन् ।

प्रदेशका १३ जिल्लामध्ये रामेछापमा पक्की सडक कम रहेको र केन्द्रसम्म सडक संरचना नजोडिएको सांसद युवराज चौलागाईंले बताए । यसरी सडकको पहुँचनै नपुगेको जिल्लालाई सरकारले प्राथमिता नदिएकोप्रति उनले असन्तुष्टि व्यक्त गरे । सोमबारकै बैठकमा प्रदेशस्तरको चिठ्ठा व्यवस्थापन तथा नियन्त्रण गर्ने सम्बन्धमा, व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा समितिले गरेको प्रतिवेदन माथि नै छलफल प्रारम्भ भएको छ । बैठकमा आन्तरिक मामिला तथा कानुन मन्त्री शिवराज अधिकारीले प्रतिवेदन माथि छलफल गरियोस् भन्ने प्रस्ताव निर्णार्यार्थ प्रस्तुत गरेका थिए । प्रस्ताव बैठकबाट सर्वसम्मतिले स्वीकृत भएको हो ।

छलफलमा भाग लिँदै नेकपा एमालेका सांसद् केशवप्रसाद पोखरेलले विगतमा तत्कालीन प्रदेशप्रमुखले औंल्याएका त्रुटिहरु अहिले पनि रहेको बताए । विधेयकमा जरिवानाका कुरामा सुधार भएपनि यस विधेयकलाई अरु नै नाममा ल्याउन सकिने उनले बताए । सांसद् पोखरेलले चिठ्ठा विधेयकलाई प्रदेश सरकारले प्राथमिकताकासाथ किन ल्याउनुपर्‍यो ? भन्दै प्रश्न गरे । नेकपा माओवादी केन्द्रका सांसद् युवराज दुलालले विधेयकको केही प्रावधानमा असन्तुष्टि जनाए । विधेयकमा रहेको पुरस्कार हेरफेरको प्राबधानले शंका उब्जाएको उनले बताए ।

शतप्रतिशत चिठ्ठा बिक्री हुने सम्भावना नरहेकोले यस्तो प्राबधान हुँदा सर्वसाधारणलाई आयोजकले धोका दिन नसक्ने उनले बताए । सांसद् दुलालले सर्वसाधारण नठगिने व्यवस्था विधेयकमा राख्न सुझाव दिए । प्रतिवेदनमाथिको बाँकी छलफल मंगलबार हुनेसभामुख भुवनकुमार पाठकले जानकारी दिए । प्रदेशसभाको बैठक भदौ १७ गते बिहान ११:३० बजे बस्ने गरी स्थगित गरिएको छ ।

### उत्तरविधायिकी परीक्षणको प्रतिवेदन पेश

# बालबालिका सम्बन्धि ३ सय ६५ उजुरी दर्ता

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ आर्थिक वर्ष २०८१/८२ मा मकवानपुर जिल्लामा सञ्चालनमा रहेको सिविन बालहेल्पलाइनमा ३ सय ६५ बालबालिकासम्बन्धि उजुरी दर्ता भएका छन् ।




बालहेल्पलाइनमार्फत् १ सय ७८ बालक र १ सय ८७ बालिकाको विभिन्न समस्या र हिंसाका घटना उजागर भएका हुन् । सबभन्दा बढी २ सय २१ उजुरी हेटौंडा उपमहानगरअन्तर्गत् दर्ता भएका छन् । तीमध्ये बालविवाहका १६ घटना छन् । जसमा १२ बालविवाह रोक्न सफल भएको जनाइएको छ । हराएका ४ बालबालिकाको प्रहरी सहयोगमा पुन:पारिवारिक मिलन गराइएको छ । अलपत्र फेलापरेका २२ बालबालिका, शारीरिक दण्डको शिकार बनेका १० जना, शिक्षा सहयोग पाएका ७८ जना, बालश्रममा परेको ५७ जना, मानसिक परामर्श लिएका ९ जना र जबर्जस्ती करणी तथा यौन दुर्व्यवहारका २ बालिकाको उजुरी पनि दर्ता भएको छ ।

बालश्रमबाट उद्दार गरि एका ५७ जना बालक र बालिकामध्ये ४८ जनालाई श्रम कार्यालयमार्फत् कानुनी प्रक्रिया अघि बढाइएको छ । घटनामा संलग्न पक्षसँग ४ लाख ४२ हजार रुपैयाँ जरिवाना र ५ लाख १६ हजार ८ सय ७५ रुपैयाँ क्षतिपूर्ति संकलन गरिएको छ । मनहरी गाउँपालिकामा ८९ उजुरी दर्ता भएका छन् । तीमध्ये १६ वटा बालविवाहका घटनामा ९ रोक्न सफल भएको हो । शैक्षिक सहयोगमा ५२ बालबालिका, बालश्रममा परेका ५ जना र परामर्श सेवा लिने २ जनाको विवरण छ । बकैया गाउँपालिकामा १३ उजुरी दर्ता भए, जसमा ५ बालविवाह, ६ अलपत्र बालबालिका र १ बालश्रमका घटना छन् । कैलाश, राक्सिराङ, भीमफेदी, मकवानपुरगढी र बागमती गाउँपालिकामा पनि बालविवाह, बालश्रम र यौनदुर्व्यवहारका घटना देखिएका छन् ।

सिविन नेपाल मक्वानपुरका प्रबन्धक झबिन्द्र ज्ञवालीका अनुसार प्रेमसम्बन्धका नाममा थुप्रै बालिका बलात्कारको शिकार भएका छन् । '१८ वर्ष नपुगेकी बालिका र वयस्क पुरुषबीच सम्बन्धमा जब उजुरी पर्छ, तब पुरुषलाई मात्र दोषी ठहर गरिन्छ,' ज्ञवालीले बताए । उनले बालकहरु पनि यौनदुर्व्यवहारमा पर्नसक्ने उल्लेख गर्दै कानुनले लिङ्गका आधारमा विभेद गर्न नहुनेमा जोड दिएका छन् । 'महिलाद्वारा बालकलाई फकाएर सम्बन्ध बनाएको घटनामा पनि कानुनी संरक्षण हुनु आवश्यक छ,' ज्ञवालीले भने । बालबालिकाबीच सामाजिक सञ्जाल मार्फत् सम्बन्ध बढ्दै जाँदा ११ वर्षकै उमेरमा प्रेम र बालविवाहसम्मको अवस्था आउने गरेको पनि उनले बताए ।

# बागमतीका ४ पालिकामा खोरेतमुक्त अभियान

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ बागमती प्रदेशका चार पालिकामा खोरेतमुक्त अभियान सुरु गरिने भएको छ । चीनमा भैंसीको मासु निर्यात गर्ने लक्ष्य सहित प्रदेश सरकारले अभियान सुरु गर्न लागेको हो ।




गतवर्ष पुसमा नेपाल र चीन सरकारबीच भैँसीको मासु निर्यातसम्बन्धी प्रोटोकल सम्झौता भएको थियो । सोही सम्झौता कार्यान्वयन गर्ने उद्देश्यले प्रदेशका सिन्धुली र मकवानपुरका चार पालिकालाई खोरेतमुक्त घोषणा गर्ने तयारी भएको हो । खोरेतमुक्त पालिका घोषणा भएपछि तीन वर्षभित्रै चीनमा मासु निर्यात सुरु गर्ने सरकारको योजना छ । सरकारले मकवानपुरको बागमती र बकैया गाउँपालिका तथा सिन्धुलीको हरिहरपुरगढी तथा मरिण गाउँपालिकालाई पहिलो चरणमा खोरेतमुक्त क्षेत्र घोषणा गर्ने तयारी गरेको छ ।

नेपाल-चीनबीच भएको द्विपक्षीय सहमतिअनुसार राँगा भैंसीको मासु चीन निर्यात गर्न निश्चित प्रोटोकल पालना गर्नुपर्ने शर्त रहेकाले सोही अनुसार खोरेतमुक्त अभियान सञ्चालनको तयारी थालिएको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाका पशुचिकित्सक डा.अमिक श्रेष्ठले बताए । 'नेपाल-चीनबीच भएको सहमतिअनुसार खोरेतमुक्त घोषणा नगरी मासु निर्यात सम्भव छैन । त्यसैले पहिलोचरणमा यी चार पालिकालाई खोरेतमुक्त बनाउन तालिम, सर्वेक्षण र खोप अभियान सुरु हुँदै छ,' उनले भने ।

उनका अनुसार अभियान अन्तर्गत पहिलोचरणमा बागमती प्रदेशलाई खोरेतमुक्त क्षेत्र बनाउन चालू आर्थिक वर्ष ०८२/८३ मा पशुपहिचान तथा दर्तासम्बन्धी तालिम, स्थलगत इपिडेमियोलोजिकल तालिम, पालिकास्तरमा छलफल, प्रादेशिक निर्देशक समिति बैठक, आधारभूत सर्वेक्षण र खोप कार्यक्रम सञ्चालन गरिनेछ । यस्तै, निर्धारित क्षेत्रभित्र पाडापाडी पालन प्रोत्साहन कार्यक्रम ल्याइनेछ । यसअन्तर्गत कम्तिमा पाँचसय पाडापाडीको संख्या बढाउने लक्ष्य राखिएको श्रेष्ठको भनाइ छ । 'निर्यात हुने मासु संक्रमणमुक्त र गुणस्तरीय हुनैपर्छ । चीन सरकारको सर्तअनुसार मासु निश्चित रोगमुक्त क्षेत्रमा पालन गरिएका तीन वर्षभन्दा कम उमेरका राँगा-भैंसीबाट उत्पादन भएको हुनुपर्छ,' उनले भने । उनका अनुसार मापदण्ड पुगेको वधशालाबाट मात्र मासु उत्पादन हुनुपर्ने, तातोमा प्रशोधन गरिएको र सुरक्षित प्याकेजिङसहित चीन पठाउनुपर्ने हुन्छ ।

निर्देशनालयका निर्देशक डा. गौरीमान श्रेष्ठले खोरेतमुक्त अभियानलाई प्रभावकारी बनाउन स्थानीय तहमै सचेतनामूलक कार्यक्रमदेखि नियमित खोप अभियानसम्म सञ्चालन हुने बताए । उनले खोरेतविरुद्ध ६-६ महिनाको फरकमा खोप अभियान सञ्चालन गरिनेसमेत बताए । 'खोरेत रोग नियन्त्रणका लागि प्रत्येक ६-६ महिनामा खोप अभियान चलाइनेछ । यस अभियानमा किसानको सक्रिय सहभागिता आवश्यक छ,' उनले भने ।

निर्देशनालयको तथ्यांक अनुसार बागमती गाउँपालिका, बकैया गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका र मरिण गाउँपालिकामा पशुको संख्या २ लाख ७७ हजार ३२१ छ । जसमा राँगा/भैंसीको मात्रै संख्या ३० हजार ८२६ छ । राँगा/भैंसी पालनको लागि उपयुक्त क्षेत्र भएका कारण नेपाल सरकारले बागमतीका यी ४ स्थानीय तहलाई मासु उत्पादनको जोन बनाएर चिनमा मासु निर्यात गर्ने निर्णय गरेको हो ।



साझाकुरा

हाम्रो कुरा

# पुस्तकालय दिवस र पठन संस्कृति

हिजो आइतबार देशभर १८ औं राष्ट्रिय पुस्तकालय दिवस मनाइएको छ । सामाजिक संजालका कारण छायामा पर्दै गएको पठन संस्कृतिलाई पुस्तकालय दिवसले समेट्ने प्रयास गरिएको हो । तर, मकवानपुरमा पुस्तकालय दिवस मनाइको खासै समाचार देखिएन । मनहरीको पशुपतिनाथ माविले बालबालिकामाझ पुस्तकालय दिवसमा सामान्य कार्यक्रम गरेको समाचार आएको थियो । जिल्लाका अन्य विद्यालयमा पुस्तकालय दिवस मनाएको न त समाचारमा आयो न त सामाजिक संजालमै देखियो । सामान्य गतिबिधिलाई पनि सामाजिक संजालमा छरपस्ट पार्ने प्रबृति भएपनि पुस्तकालय दिवसको गतिबिधि भने खासै देख्न पाइएन । पछिल्लो सयम पठन संस्कृतिमा ब्यापक संकुचन आएको छ । सामाजिक संजालका कारण पठन संस्कृतिमा संकुचन आएपछि पुराना र महत्वपूर्ण पुस्तकालय जीर्ण बनेका छन् । जनमुखी सहकर्मी रुपचन्द्र विष्ट (रुदाने) को जन्मथलो थाहा नगरपालिकामा जनताले 'थाहा पाउन' भनेर खोलिएका वर्षौं पुराना पुस्तकालय अलपत्र छ । थाहानगरभित्रक आधा दर्जन पुस्तकालय अलपत्रमात्र नभई जीर्ण भवन र पुस्तकमा धमिरा लाग्ने अवस्थामा गुज्रिइरहेका छन् । तर, 'थाहा पाउने थलो' पुस्तकालयको व्यवस्थित सञ्चालनमा सम्बिन्धत निकायको चासो देखिँदैन । थाहा नगरसँग 'थाहा'को अर्थपूर्ण साइनो छ ।

यी अव्यवस्थित पुस्तकालयले त्यो थाहाको साइनो मेटाउने त होइन ? भन्ने चिन्ता यतिबेला थाहाका पुस्तकप्रेमीलाई परेको छ । मकवानपुरको उत्तरी ग्रामीणभेग थाहा नगरको शिखरकोटस्थित नवजागृत पुस्तकालय, थाहा-६ बज्रबाराहीमा रहेको सुनौलो सामुदायिक सिकाइ केन्द्र, पालुङको जीवनज्योति, ओखरबजारको सूर्योदयलगायत सामुदायिक पुस्तकालयका संरचना लथालिङ्ग रहेका छन् । अधिकांश पुस्तकालयको अवस्था नाजुक छ । पुस्तकालय भवन छ, किताब पनि छन् तर, धमिरा लागिसकेको । पुस्तकालयमा पाठक न व्यवस्थापन लथालिङ्ग रहेको स्थानीय पुस्तकप्रेमी गुनासो गर्छन् । पुस्तकालय अलपत्र हुँदा रुदानेको 'थाहा' अभियानलाई गिज्याइरहेको छ । वि.सं. २००९ सालमा भीमफेदीमा स्थापना गरिएको ज्योति पुस्तकालयको अवस्था पनि नाजुक छ । यो पुस्तकालय मकवानपुरको पहिलो हो । २०१८ सालतिर हेटौंडामा स्थापना गरिएको हाम्रो पुस्तकालय, २०२८ सालमा तत्कालीन हटिया गाविसमा स्थापना गरिएको धरणीधर पुस्तकालय, २०२५ सालमा नगरपालिकारोडमा स्थापना गरिएको मानस पुस्तकालय र २०३५ सालमा स्थापना गरिएको जन पुस्तकालय पनि उस्तै हालतमा छ । हेटौंडाको पुष्पलाल पार्कमा रहेको पुष्पलाल स्मृति पुस्तकालय भने सञ्चालनमा छ । रुदानेले खोलेका पुस्तकालयको संरक्षण र नियमित सञ्चालनको जिम्मा थाहा नगरपालिकाले लिनुपर्नेमा त्यसको ठीक उल्टो भएको स्थानीय गुनासो गर्छन् । 'थाहा' आन्दोलनकै क्रममा उनले सामुदायिक पुस्कालय खोले । थाहा आन्दोलनको जगमा उभिएको थाहा नगरको वर्षौं पुराना पुस्तकालय अलपत्र र दयनीय अवस्थामा गुज्रिएका छन् । जीर्ण पुस्तकालयका किताबमा लागेको धमिराले रुदानेको 'थाहा' आन्दोलनलाई गिज्याइरहेको छ ।

पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय ३ दशकदेखि बन्द छ, पुस्तक धमिराले खाइसकेको छ । यो पुस्तकालय भवन टेको लगाएर राखिएको छ । रुपचन्द्र विष्टको सक्रियतामा वि.सं. २०२२ सालमा पालुङमा स्थापना गरिएको जीवनज्योति पुस्तकालय २०३५ सालसम्म आंशिक चलेको भएपनि २०४८ सालपश्चात् पूर्णरुपमा बन्द भयो । पुस्तकालयमा झन्डै पाँच हजार पुस्तक थिए । अहिले धुलिया लागेका केही पुस्तहरु मात्र छन् । बाहिरैबाट हेर्दा २०७२ सालको भुकम्पले चरचरी चर्काएको भवन ढल्ने अवस्थामा पुगेको छ भने पुस्तक सबै धमिराले खाएर धूलैधूलो भएका छन् । रुपचन्द्रले विभिन्न क्षेत्रबाट इतिहास, जीवनी, समाजशास्त्र, दर्शनलगायत किताब ल्याएर पुस्तकालयमा राखेका थिए । पाँच सयभन्दा बढी पुस्तकालयका सदस्य थिए । पुस्तकालयले यस क्षेत्रका बासिन्दालाई पढ्ने बानी बसालेको स्थानीयवासी बताउँछन् । शिखरकोटमा पनि रुपचन्द्रले नवजागृत पुस्तकालय २०२५ सालमा स्थापना गरेका थिए । थाहा नगरको ओखरबजारमा रहेको सूर्योदय पुस्तकालय बन्द छ । वि.सं. २०४८ सालमा स्थापना भएको पुस्तकालयको आफ्नै भवन छ । भवन भाडामा लगाइएको छ । पुस्तकालय सञ्चालनमा छैन । सरकारले पुस्तकालय दिवस मनाउने भनिरहँदा थाहा नगरपालिका मात्र नभई मकवानपुरमा रहेका पुराना पुस्तकालयहरुको अवस्था दयनीय छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ भदौ १८ गते बुधबार ३ सेप्टेम्बर २०२५ । एकादशी, भाद्र कृष्णपक्ष । ञलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:४४ सूर्यास्त ६:२१ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रमाइलो यात्रा हुनेछ | तुला | : धार्मिक आस्था बढ्नेछ |
| वृष | : धन कमाउने योग परेको छ | वृश्चिक | : कल्याणकारी कार्यको अवसर |
| मिथुन | : पश्चात्ताप लाग्नेछ | धनु | : अधिक परिश्रम गर्नु पर्नेछ |
| कर्कट | : शारीरिक आलस्यता बढ्नेछ | मकर | : मेहनतको फल पाइनेछ |
| सिंह | : सकारात्मक सोचाइ रहनेछ | कुम्भ | : कार्यभार र व्यस्तता बढ्नेछ |
| कन्या | : दया मायाका कार्य हुनेछन् | मीन | : व्यापार-व्यवसाय सामान्य रहनेछ |

# नेपाललाई अब 'पोडवेको युग' तर्फ लैजाने नवीन प्रयास



✍ रोशन पराजुली

नेपाल 'स्मार्ट पब्लिक ट्रान्सपोर्टेसन' तर्फ अगाडि बढेको छ । भौगोलिक बनोटका कारण सडक घण्टौं जाम भएर यात्रीहरुको बेहाल हुने, सामान ओसारपसारमा लगातारको समस्या र बारम्बारको मौसमी परिवर्तनले हवाई उडानमा समेत प्रतिकूल प्रभाव परिरहेको सन्दर्भलाई मनन गर्दै नेपाललाई अब 'पोडवेको युग' तर्फ लैजाने नवीन प्रयास थालिएको हो । यस प्रयासलाई सकारात्मक मान्न सकिन्छ ।

लगानी बोर्डले काठमाडौंदेखि हेटौंडासम्म पोडवे यातायात सञ्चालनका निम्ति सम्भाव्यता अध्ययन गर्न अनुमति दिने निर्णय गरेको हो । प्रधानमन्त्री केपी शर्मा ओलीको अध्यक्षतामा बसेको लगानी बोर्ड बैठकले पहिलो चरणमा काठमाडौंदेखि हेटौंडासम्म पोडवेको सम्भाव्यता अध्ययन गर्न दिने निर्णय गरेको छ ।

बैठकमा काठमाडौंदेखि हेटौंडा हुँदै वीरगन्जसम्म करिब ९७ किलोमिटर लामो पोडवे यातायात सञ्चालन गर्न लगानी बोर्डमा प्रस्ताव गरिएको थियो । यसका लागि करिब ७१ अर्ब रुपियाँ लाग्ने अनुमान गरिएको छ । काठमाडौं-हेटौंडाको सम्भाव्यता अध्ययन सकिएपछि हेटौंडा-वीरगन्जका लागि अध्ययन गर्न अनुमति दिने योजना बोर्डको छ । अनुमतिपछि विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरेर परियोजना अघि बढाइनेछ । विद्युतमा आधारित पोडवे सार्वजनिक यातायातको नयाँ विकल्पका रुपमा प्रस्तुत गरिएको हो । एकपटकमा ४२ जना यात्रु क्षमता भएको पोडले प्रतिघण्टा १ सय ५० कि.मि. वेगमा यात्रा गराउन सक्ने बताइएको छ । यस प्रविधि भारत, बेलारुस र युएईमा प्रयोग भइसकेको छ ।

'सम्भावनाहरुको उजागर गर्दा सरकारको ध्यानाकर्षण भएको छ । उठाइएका विषयहरुलाई सफल बनाउन लगातार क्रियाशील रहनेछौं', उक्त विषयमा संघीय संसद्मा लगातार आवाज उठाउँदै आउनुभएका मकवानपुर-२ का सांसद् महेश बर्तौलाले भन्नुभयो- 'यसको परिणाम काठमाडौंदेखि हेटौंडासम्म पोडवे यातायात सञ्चालनका निम्ति सम्भाव्यता अध्ययन गर्ने तहसम्म आइपुगेको छ । सबैको सकारात्मक सहयोग रहिरहे यस परियोजना सफल ढंगले सम्पन्न हुनेछ ।'

उहाँले यदि उक्त परियोजना सफल हुन सके बागमती प्रदेशको राजधानी हेटौंडा सिंगो देशको ट्रान्जिट प्वाइन्ट हुने बताउनुभयो । यसको लाभ सिंगो मकवानपुरले पाउनेछ । 'समय त लाग्छ नै, तर विषयले बल्ल प्राथमिकता पाएको छ । उहाँका अनुसार पछिल्लो समय विश्वका धेरै देशले स्मार्ट पब्लिक ट्रान्सपोर्टेसनका रुपमा पोडवे प्रविधिलाई उपयोग गरिरहेको देखिन्छ । यसमार्फत मालसामान ढुवानी र यात्रुहरुको आवतजावतसमेत सजिलै गर्न सकिने भएकाले नेपालमा पनि यसको उल्लेख्य सम्भावना रहेको देखिन्छ । नेपालमा उक्त प्रविधि प्रयोगले देशमा बढ्दो पेट्रोलियम पदार्थ प्रयोग घटाई वैदेशिक व्यापार घाटा कम गर्न, विद्युत् खपत वृद्धिमार्फत आन्तरिक बजार विस्तार गर्न, वातावरणीय प्रदूषण न्यूनीकरण गर्न, ट्राफिक चापको बढ्दो समस्या न्यूनीकरण गर्न तथा लागत मितव्ययितता र समयको बचतका लागि समेत सकारात्मक योगदान गर्न सक्छ ।

वि.सं. १९८२ मा शुरु भएर २०५७ सालदेखि औपचारिकरुपमा बन्द अवस्थामा रहेको ४२ कि.मि. लामो हेटौंडा-कुलेखानी-काठमाडौं रोपवेको स्थानमा पोडवे सञ्चालन प्रक्रिया आरम्भ गर्न उपयुक्त देखिने बर्तौला बताउनुहुन्छ । सरकारले आव २०८२/०८३ को बजेट वक्तव्यमा हेटौंडा-काठमाडौं पोडवे सञ्चालनको सम्भाव्यता अध्ययन गर्ने योजना समावेश गरेको थियो । उहाँले भन्नुभयो, 'पोडवेलाई उक्त स्थानमा सञ्चालन गर्न 'राइट अफ वे' मा समेत कुनै झन्झट रहेको देखिँदैन । यसमार्फत संघीय राजधानी काठमाडौंसँगको कनेक्टिभिटीमा बागमती प्रदेशको राजधानी हेटौंडाका साथै मधेस प्रदेश र लुम्बिनी प्रदेशले समेत प्रत्यक्ष लाभ हासिल गर्न सक्छ । यसलाई क्रमश: देशका अन्य क्षेत्रमा समेत विस्तार गरी अगाडि बढाउन सकिने प्रशस्त सम्भावना रहेकाले उहाँले आगामी दिनमा यस महत्वपूर्ण पोडवे परियोजना सञ्चालन गर्न आवश्यक स्रोत व्यवस्थापन गरी अगाडि बढाउने सम्बन्धमा सांसदमार्फत नेपाल सरकारको धारणा माग्नुभएको थियो ।

उहाँले भन्नुभयो, 'भौगोलिक विविधतायुक्त हाम्रो मुलुकमा न्यायपूर्ण, समुचित र सन्तुलित विकासमार्फत दिगो विकासका लक्ष्यहरु हासिल गर्न यस्ता आधारभूत सेवा-सुविधाहरु नागरिक तहमा राज्यका तर्फबाट सहज ढंगले उपलब्ध गराउन, सार्वजनिक सेवाप्रवाहलाई छिटोछरितो र गुणस्तरीय बनाउन, उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग, परिचालन र व्यवस्थापन गर्न सरकारहरुको प्रभावकारी समन्वयमार्फत योजना अगाडि बढाउनु आवश्यक देखिन्छ ।' उहाँले यसले मुलुकको आर्थिक, सामाजिक सूचकहरुको विकासमा समेत उल्लेख्य टेवा पुऱ्याउन सक्ने बताउनुभयो ।

'त्यसैले सरकारसँग भएको सीमित स्रोत-साधनलाई नागरिकका हित र सेवाका लागि अधिकतम उपयोग गरी भौगोलिकरुपमा विकट, सार्वजनिक सेवासुविधा पुऱ्याउन कठिन, विपद्को उच्च जोखिमयुक्त स्थान, भौगोलिक संरचना विकासका लागि असुरक्षित, बाधक र अपायक स्थानमा रहेका छिटपुट घरबस्तीलाई व्यवस्थित गरी आवश्यक स्थानीय तहहरुमा सुविधाजनक, एकीकृत बस्ती विकास योजना अगाडि बढाउने सम्बन्धमा सरकारले सोच्नुपर्ने धारणा राख्नुभएको छ ।

काठमाडौं पोडवे कम्पनी प्रालिले काठमाडौं-हेटौंडा हुँदै वीरगन्जसम्म पोडवे यातायात निर्माण गर्न प्रस्ताव पेस गरेको थियो । कम्पनीले गत हप्ता प्रारम्भिक प्रस्ताव पेस गरेको हो । बुधबार कम्पनीका सञ्चालकहरुले पोडवेको सम्भावना र लगानीबारे बोर्डमा विस्तृत प्रस्तुति दिनुभएको थियो । कम्पनीले हेटौंडादेखि काठमाडौंसम्म पुरानो रोपवेको लाइन प्रयोग गर्ने र हेटौंडा-वीरगन्ज खण्डमा नयाँ मार्ग निर्माण गर्ने योजना प्रस्तुत गरेको छ । प्रारम्भिक अध्ययनअनुसार उक्त पोडवेको सम्भाव्यता मूल्यांकन गर्न करिब २ वर्ष लाग्ने बताइएको छ ।

**रोपवेको जगमा उभिँदै पोड:**

हेटौंडा-भीमफेदी-काठमाडौं जाँदा ठाउँ-ठाउँमा तारमा हाल पनि डिब्बाहरु झुन्डिएको देखिन्छ । त्यही डिब्बाहरु कुनै समय काठमाडौंको लाइफलाइन थियो । किनकि, यी डिब्बा नै सामान ओसारपसार गर्ने भरपर्दा उपकरण थिए, जसलाई रोपवे नामले चिनिन्थ्यो ।

लामो समयदेखि सञ्चालन हुन नसकेको रोपवे सञ्चालनमा सरोकारवालाले समयमा ध्यान नदिँदा यसको अस्तित्व समाप्त भएको छ । राणा प्रधानमन्त्री चन्द्र शमशेरको पहलमा १९६३ सालमा अमेरिकी सरकारको सहयोगमा रोपवे निर्माण भएको थियो । नेपालकै पहिलो रोपवेका रुपमा स्थापना भएको हुनाले यसको नाम नेपाल रोपवे राखिएको थियो । स्थापनाताका मकवानपुरको धोर्सिङदेखि काठमाडौंको मातातीर्थसम्म सञ्चालनमा रहेको रोपवे तत्कालीन समय काठमाडौंको टेकु भन्सारमा ट्रली निर्माण गरी सामान पुऱ्याउने गरिएको थियो । २०११ सालको बाढीपहिरोले धोर्सिङस्थित पावर हाउस ध्वस्त भएपछि यसको मर्मत र विस्तार गरिए पनि २०१६ सालमा फेरि रोपवे हेटौंडा-मातातीर्थ-टेकुसम्म निर्माण गरी २०२० सालबाट सञ्चालन हुन थालेको थियो । अमेरिकी सहयोगमा ६४ लाख अमेरिकी डलर खर्च गरेर निर्माण भएको रोपवेले एक किलो सामग्रीको ५ पैसाका दरले ढुवानी गर्थ्यो । त्यसअघि सामान ढुवानी गर्दा रोपवेमा प्रतिकिलो एक पैसामात्र खर्च हुने गरेको थियो । यसको संरचनामा ८ वटा टर्मिनल थिए भने ७ स्टेसन थिए ।

सरकारले पहिलो पञ्चवर्षीय योजना (२०१३-२०१८) मा रोपवे विस्तारको योजना बनाएको थियो । २०५४ सालमा रोपवेको भैंसेस्थित सबस्टेसनमा समस्या आएर ट्रान्सफर्मर बिग्रिएको थियो र रोपवे बन्द भएको थियो । २०५९ मा शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा रोपवेको मन्त्रिपरिषद्बाट खारेजी निर्णय भएको थियो ।

रोपवेलाई यसअघि निजीकरण गर्न खोज्दा पनि सफल हुन सकेको थिएन । अर्थ मन्त्रालयले २०६१ सालमा मूल्यांकनकर्ता नियुक्त गरी निजीकरणको प्रयास थालेको थियो । २०६२ मा रोपवे सञ्चालन गर्न अर्थ मन्त्रालयले आशयपत्र मागेपछि तीन कम्पनीले प्रस्ताव पेस गरे पनि निर्णय हुन सकेन । २०७६ माघ १३ मा बागमती प्रदेश सरकारद्वारा रोपवे पुनर्संञ्चालनमा ल्याउने भनेर गरिएको निर्णय कागजमा सीमित छ ।

*(साभार: न्यूज अफ नेपाल)*

## एससीओ बैठकमा सी को सम्बोधन :

# हामी प्रभुत्व र शक्ति राजनीतिको विरोधमा उभिइरहनुपर्छ

✍ सी चिनफिङ

विश्वविरोधी फासीवादी युद्धमा विजय र संयुक्त राष्ट्रसंघको स्थापना भएको ८० वर्ष पूरा भएको वर्ष हो यो । यो ऐतिहासिक चरण हो, जसले हामीलाई विगत सम्झिन र भविष्यलाई अझ राम्रो बनाउन प्रेरित गर्छ । ८० वर्षअघि, पहिलो र दोस्रो विश्वयुद्धको भयावह अनुभवबाट अन्तर्राष्ट्रिय समुदायले गहिरो पाठ सिक्यो र संयुक्त राष्ट्रसंघको स्थापना गरी विश्व शासनका लागि नयाँ अध्याय लेख्यो । ८० वर्षपछि पनि शान्ति, विकास, सहकार्य र आपसी लाभका ऐतिहासिक प्रवृत्तिहरू यथावत् छन् , तर शीत युद्धकालीन मानसिकता, वर्चस्ववाद र संरक्षणवादले अझै विश्वलाई सताइरहेको छ । नयाँ खतरा र चुनौतीहरू बढिरहेका छन् । विश्व फेरि एक अस्थिर र रूपान्तरणको चरणमा प्रवेश गरेको छ । वैश्विक शासन आज एक नयाँ मोडमा आइपुगेको छ ।

इतिहासले भन्छ- कठिन समयमा हामीले शान्तिपूर्ण सहअस्तित्वप्रति आफ्नो प्रारम्भिक प्रतिबद्धता कायम गर्नुपर्छ, आपसी लाभको आत्मविश्वास बलियो बनाउनुपर्छ, इतिहासको प्रवाहसँगै अघि बढ्नुपर्छ र युगसँग कदम मिलाएर प्रगतिशील बन्नुपर्छ । यो घडीमा म वैश्विक शासन पहल (ग्लोबल गभर्नेन्स इनिसिएटीभ-जीजीआई) को प्रस्ताव गर्न चाहन्छु । मानव जातिको साझा भविष्यका लागि न्यायपूर्ण र समान वैश्विक शासन प्रणाली निर्माण गर्न सबै देशसँग सहकार्य गर्न म आतुर छु ।

पहिलो, हामीले सार्वभौम समानताको सिद्धान्तमा दृढ रहनुपर्छ । देश ठूलो होस् वा सानो, शक्तिशाली होस् वा कमजोर, धनी होस् वा गरिब– सबैलाई विश्व शासनमा समान भागीदार, निर्णयकर्ता र लाभग्राहीका रूपमा मान्यता दिनुपर्छ । अन्तर्राष्ट्रिय सम्बन्धमा अझ बढी लोकतान्त्रिक अभ्यास गर्नुपर्छ र विकासोन्मुख मुलुकहरूको प्रतिनिधित्व र आवाज बढाउनुपर्छ ।

दोस्रो, हामीले अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाको पूर्ण पालन गर्नुपर्छ । संयुक्त राष्ट्रसंघको चार्टर र अन्तर्राष्ट्रिय सम्बन्धका सर्वमान्य सिद्धान्त तथा मान्यताहरू सम्पूर्णरूपमा र निष्पक्ष रूपमा लागू हुनुपर्छ । कुनै पनि देशको 'घरेलु नियम वा प्रावधान नियम' अरूमा लाद्न पाइँदैन वा थोपर्न हुँदैन, यसमा दुईथरी मापदण्ड हुनु हुँदैन ।

तेस्रो, हामीले बहुपक्षीयतालाई दृढ रूपमा अंगिकार गर्नुपर्छ । व्यापक परामर्श, संयुक्त योगदान र साझा लाभको दृष्टिकोणलाई कायम गर्दै एकपक्षीय प्रवृत्तिको विरोध गर्नुपर्छ । संयुक्त राष्ट्रसंघको केन्द्रीय भूमिका र अधिकारलाई दृढतापूर्वक जोगाउनुपर्छ ।

चौँथो, हामीले मानव-केन्द्रित दृष्टिकोणकै पैरवी गर्नुपर्छ वा भनौं प्राथमिकता दिनुपर्छ । वैश्विक शासन प्रणालीमा सुधार गरी सबै देशका जनताको पहुँच, सहभागीता कायम गरी लाभग्राही बनाइनुपर्छ । यसले मानव जातिका साझा चुनौतीहरू समाधान गर्न, उत्तर र दक्षिण ध्रुवीय खाडल घटाउन र सबै देशको साझा हित सुरक्षित गर्न मद्दत पुऱ्याउँछ ।

पाँचौं, हामीले व्यावहारिक कदम चाल्नुपर्छ । योजनाबद्ध र समन्वयकारी सम्बन्ध राखेर स्रोतहरू परिचालन गर्नुपर्छ र ठोस परिणाम हासिल गर्नुपर्छ । शासन प्रणाली ढिलो नहोस् वा विखण्डित नहोस् भनी व्यावहारिक सहकार्य बढाउनुपर्छ ।

०००

स्थापनाकालमै शांघाई सहयोग संगठन (एससीओ) को घोषणापत्र र चार्टरले लोकतान्त्रिक, न्यायपूर्ण र समान अन्तर्राष्ट्रिय राजनीतिक तथा आर्थिक व्यवस्थाको पक्षमा उभिनुपर्ने कुरा स्पष्ट गरेको छ । २४ वर्षयता एससीओले आपसी विश्वास, आपसी लाभ, समानता, परामर्श, सभ्यताको विविधताको सम्मान र साझा विकासलाई समेट्ने शांघाई भावनालाई दृढतापूर्वक पछ्याउँदै आएको छ ।

हामीले क्षेत्रीय मामिलामा सँगै छलफल गरेका छौं, संयन्त्र निर्माण गरेका छौं, र सहकार्यका फाइदा बाँडेका छौ । एससीओले वैश्विक शासन प्रणालीमा सुधार ल्याउने गरी धेरै अवधारणा प्रस्तुत गरेको छ र तिनलाई व्यवहारमा उतारेको छ । विश्वमा भइरहेको तीव्र रूपान्तरणका बीच एससीओले जीजीआई कार्यान्वयनमा अग्रणी भूमिका खेल्नुपर्छ । विश्व शान्ति र स्थिरता जोगाउन योगदान दिनुपर्छ ।

साझा सुरक्षाको दृष्टिकोणका साथ एसीओ सदस्य राष्ट्रहरूले दीर्घकालीन असल-छिमेकी, मित्रता र सहयोग सम्बन्धी सन्धिमा हस्ताक्षर गरेका छन्, प्रभावकारी सुरक्षा सहयोग सञ्चालन गरेका छन्, र क्षेत्रमा समग्र स्थिरता कायम गरेका छन् । हामीले गैर-गठबन्धन, गैर-टकराव र कुनै पनि तेस्रो पक्षलाई लक्षित नगर्ने सिद्धान्तहरूलाई निरन्तरता दिनुपर्छ ।

हामीले विभिन्न खतरा र चुनौतीहरूको सामना गर्न हाम्रा प्रयासहरूमा एकता कायम गर्नुपर्छ, भर्खरै स्थापित एसीओ सुरक्षा चुनौती र खतराहरू विरुद्धको विश्वव्यापी केन्द्र र एससीओ लागू औषध विरोधी केन्द्रलाई पूर्ण रूपमा प्रयोगमा ल्याउनुपर्छ, र क्षेत्रमा साझा सुरक्षाको समुदाय निर्माण गर्नुपर्छ । विश्व अस्थिर बनिरहेका बेला हामीले स्थिरता कायम गर्ने शक्ति बनिरहनुपर्छ । हामीले विश्वभरमै खुलारूपमा सहयोग गर्न सक्ने जिम्मेवारी लिन अगाडि सर्नुपर्छ ।

एससीओ सदस्य राष्ट्रहरूसँग प्रशस्त ऊर्जा स्रोतहरू, ठूला बजारहरू र बलियो आन्तरिक शक्तिहरू छन्, र हामीले विश्वकै आर्थिक वृद्धिमा ठूलो योगदान गरिरहेका छौं । हामीले पर्खालहरू भत्काउन जारी राख्नुपर्छ, खडा गर्नु हुँदैनह हामीले एकताको प्रयास गर्नुपर्छ, टुटफुट होइन । हामीले उच्च-गुणस्तरको 'बेल्ट एन्ड रोड' सहयोगलाई अगाडि बढाउनुपर्छ, विश्वव्यापी रूपमा लाभदायक र समावेशी आर्थिक विश्वव्यापीकरणका लागि जोड दिनुपर्छ । चीनले आफ्नो विशाल बजार भित्र अवसरहरू एससीओ परिवारमा सहजरुपमा साझा गर्नेछ र एससीओ परिवारभित्र आर्थिक तथा व्यापारिक सहयोगको उच्च-गुणस्तर विकासका लागि कार्ययोजनालाई निरन्तरता दिनेछ ।

चीन-एससीओ सहयोगका लागि तीनवटा प्रमुख प्लेटफर्महरू स्थापना गरिनेछ । ऊर्जा, हरित उद्योग, डिजिटल अर्थव्यवस्था, वैज्ञानिक तथा प्राविधिक नवप्रर्वतन, उच्च शिक्षा, र व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि तीनवटा प्रमुख सहयोग केन्द्रहरू स्थापना गर्नेछ । हामी मिलेर एससीओमा आवद्ध राष्ट्रहरूभित्र आगामी पाँच वर्षमा सौर्य ऊर्जा र वायु ऊर्जाको स्थापित क्षमता प्रत्येक १० मिलियन किलोवाटले बढाउन काम गर्नेछौं । हामी सबै पक्षहरूसँग मिलेर आर्टिफिसियल इन्टेलिजेन्स (एआई) अनुप्रयोग सहयोग केन्द्र निर्माण गर्न र एआई मा भएको प्रगतिको लाभ साझा गर्न तयार छौं ।

हामी सबै पक्षहरूलाई बेइदोउ स्याटेलाइट नेभिगेसन प्रणाली प्रयोग गर्न स्वागत गर्दछौं । साथै क्षमता भएका देशहरूलाई अन्तर्राष्ट्रिय अन्तरिक्ष अनुसन्धान केन्द्र (स्पेस स्टेसन) को परियोजनामा रुझभाग लिन समेत आमन्त्रित गर्दछौं । हामीले मानवताको साझा मूल्यमान्यताको पक्षमा एउटा उदाहरण प्रस्तुत गर्नुपर्छ । एससीओ सदस्य राष्ट्रहरूबीच सांस्कृतिक आदानप्रदानमा विशेष महत्वका कुराहरू छन्, मान्छेहरूबीचको अन्तरक्रिया निरन्तर र बलियो छ, र विभिन्न सभ्यताहरूले आफ्ना महिमा दर्शाउँछन् ।

हामीले सभ्यताहरूको आदानप्रदानसँगै आपसी शिक्षालाई निरन्तरता दिनुपर्छ । सँगै इतिहास, संस्कृति, सामाजिक प्रणाली, विकासको चरणमा फरक भएका देशहरूबीच शान्ति, मित्रता र सद्भावको उज्ज्वल भविष्यको अध्यायहरू लेख्नुपर्छ ।

चीनले एससीओ राजनीतिक दल फोरम, एससीओ हरित र दिगो विकास फोरम, र परम्परागत चिकित्सामा आधारित एससीओ फोरम आयोजना गरी तिनको सफलता सुनिश्चित गर्नेछ । चीनले आगामी पाँच वर्षमा एससीओ सदस्य देशका ५ सय जन्मजात मुटु रोगका बिरामीहरूको उपचार गर्नेछ, ५ हजार मोतियाबिन्दुको शल्यक्रिया गर्नेछ, र १० हजार क्यान्सरका बिरामीको जाँच गर्नेछ । हामीले अन्तर्राष्ट्रिय निष्पक्षता र न्यायको रक्षाका लागि लड्नुपर्छ । न्याय र निष्पक्षताका सिद्धान्तहरूको पालना गर्दै एससीओ सदस्य राष्ट्रहरू अन्तर्राष्ट्रिय र क्षेत्रीय मामिलामा रचनात्मक रूपमा सरिक भएका छन् ।

ग्लोबल साउथको साझा हितलाई कायम राखेका छन् । हामीले प्रभुत्व र शक्ति राजनीतिको विरोधमा स्पष्टरुपमा उभिन जारी राख्नुपर्छ । यथार्थपरक बहुपक्षीयतावादको अभ्यास गर्नुपर्छ, र एक बहुवीय विश्वलाई बढावा दिन र अन्तर्राष्ट्रिय सम्बन्धमा अझ बढी प्रजातान्त्रिक बन्न एउटा खम्बाको रूपमा उभिनुपर्छ ।

चीनले संयुक्त राष्ट्र संघ, आसियान, युरेसियन आर्थिक संघ, र एसियामा अन्तरक्रिया र विश्वास निर्माण उपायहरू सम्बन्धी सम्मेलन जस्ता अन्य बहुपक्षीय संस्थाहरूसँग एससीओको सहयोग विस्तार गर्न समर्थन गर्दछ । ताकि संयुक्त रूपमा अन्तर्राष्ट्रिय आर्थिक र व्यापारिक व्यवस्थालाई कायम राख्न र विश्वव्यापी तथा क्षेत्रीय शासनमा सुधार गर्न सकियोस् ।

०००


एक प्राचीन चिनियाँ दार्शनिकले सिद्धान्तहरूको महत्वबारे भनेका थिए- 'महान सिद्धान्तलाई कायम राख्नुहोस्, संसारले त्यसलाई पछ्याउनेछ ।' चीनले अबको दुई दिनपछि जापानी आक्रमणको प्रतिरोधमा चिनियाँ जनताले छेडेको युद्ध र दोस्रो विश्व युद्धको विजयको ८०औं वर्षगाँठलाई भव्य रूपमा मनाउँदैछ ।

सम्मेलनमा सहभागी धेरै साथीहरू बेइजिङ हुने विजय परेडमा हामीसँगै सहभागी हुनुहुनेछ । हामी सबै पक्षहरूसँग मिलेर साहसपूर्वक महान सिद्धान्त र विश्वको साझा हितलाई कायम राख्न, दोस्रो विश्व युद्धको सही ऐतिहासिक दृष्टिकोणलाई बढावा दिन, युद्धमा प्राप्त विजयलाई दृढतापूर्वक सुरक्षित राख्न प्रतिबद्ध छौं । साथै विश्वव्यापी शासन प्रणालीको सुधार र मानव जातिको साझा भविष्यको समुदायको निर्माणमार्फत सम्पूर्ण मानवतालाई थप लाभ प्रदान गर्न तयार छौं ।

*(साभार: अनलाइनखबर)*

# जापानिज इन्सेफलाइटिस : ३६ जिल्लामा फैलियो, २३ जनाको मृत्यु

काठमाडौं/तराईका जिल्लामा जापानिज इन्सेफलाइटिस (जेई) संक्रमण तीव्र रूपमा फैलिन थालेको छ । ३६ जिल्लाका ११३ जनामा संक्रमित फैलिँदा २३ जनाको ज्यान गएको छ । परिवार कल्याण महाशाखाका अन्तर्गतको खोप शाखाका प्रमुख डा. अभियान गौतमका अनुसार जापानिज इन्सेफलाइटिस विगत तीन वर्षयता आक्रामक रूपमा देखिएको छ ।




विगतका वर्षमा जेई संक्रमण देखिए पनि मृत्युदर उच्च थिएन । हाल भने मृत्यु संख्या ह्वात्तै बढेको छ । 'अघिल्लो वर्षमा संक्रमितमध्ये २९ प्रतिशतको मृत्यु भएको थियो । यस वर्ष पनि उही अनुपातमा मृत्यु भइरहेको छ,' डा. गौतमले संचारकर्मीसँग भने । गत वर्ष ८६ संक्रमितमध्ये २५ जनाले ज्यान गुमाएका थिए । यसवर्ष सबैभन्दा बढी प्रभावित प्रदेशहरू लुम्बिनी, मधेश, कोशी, गण्डकी र बागमती छन् ।

पछिल्लो तथ्यांकअनुसार जेई ३६ जिल्लामा फैलिसकेको छ । जसमध्ये लुम्बिनीमा ३७, बागमतीमा १८, कोशीमा १७, मधेशमा १४, गण्डकीमा १६, सुदूरपश्चिममा ९ र कर्णालीमा २ जनामा संक्रमण देखिएको छ । बर्दिया, कावासोती, रतननगर, कालिका, राप्ती, कपिलवस्तु, माडी, कृष्णनगर, हरिवन, लहान, भद्रपुर, उल्लाबारी र गौरीगञ्जका बासिन्दा संक्रमित भएका छन् । संक्रमितमध्ये ६३ महिला र ५० पुरुष छन् ।

### २३ जनाको मृत्यु, ४० वर्ष नाघेकालाई बढी असर

महाशाखाको तथ्यांकअनुसार मृत्यु हुने सबैभन्दा बढी लुम्बिनी प्रदेशका छन् । नवलपरासी पश्चिममा २, अर्घाखाँची, रुपन्देही, प्युठान, दाङ, बाँके र बर्दियामा १-१ जनाको मृत्यु भएको छ । गण्डकी र बागमतीमा ४-४ जनाको मृत्यु भएको छ । चितवनमा ३, नवलपरासी पूर्वमा ३, सिन्धुली र स्याङ्जा १-१ जनाको संक्रमितको मृत्यु भएको छ । यस्तै कोशीको रौतहटमा २, झापा, मोरङ र तेह्रथुम १-१ जना र सुदुरपश्चिमको कैलालीमा १ जना संक्रमितको मृत्यु भएको छ ।

जेईले सबैभन्दा बढी ४० वर्ष माथिका असर गरेको छ । तथ्यांकअनुसार ४० वर्षभन्दा माथिका १८ जनाको र ३९ वर्ष मुनिका ५ जना संक्रमितको मृत्यु तथ्यांक छ । खोप अभियानले रोग नियन्त्रणमा रहेको भनिए पनि पछिल्लो समय मृत्युदर बढ्नुले खतराको संकेत गरेको विज्ञ बताउँछन् । गौतमका अनुसार जेई संक्रमण नेपालमा अन्य देशभन्दा फरक जोखिम देखिएको छ । सामान्यतया १५ वर्षमुनिका बालबालिकामा बढी देखिने जेई नेपालमा भने पछिल्लो समय ४० वर्षमाथिका मानिसमा मृत्यु र संक्रमण देखिएको छ ।

४० वर्षभन्दा माथिका व्यक्तिको मृत्यु हुनुको कारणबारे डा. गौतम भन्छन्, 'मृत्यु हुने अधिकांशले खोप लगाएका थिएनन् ।' भाइरसमै केही प्रकारको परिवर्तन भएको हुनसक्ने उनको आशंका छ । तर त्यसबारे ठ्याक्कै निष्कर्ष भने अहिलेसम्म आइसकेको छैन । 'हामी थप अध्ययन गरिरहेका छौं । अन्य रोगहरूसँगको संयोजन (जस्तै स्क्रब टाइफस) को कारणले पनि मृत्युदर बढेको हुनसक्छ,' डा. गौतमले भने ।

### तराईबाट सुरू भएको जेई पहाडसम्म

नेपालमा जापानिज इन्सेफलाइटिसको संक्रमण पुरानो भए पनि आधिकारिक रूपमा निगरानी गर्न सुरु गरिएको समय धेरै पछाडि हो । जापानिज इन्सेफलाइटिस भाइरसबाट हुने रोग हो । यो भाइरस क्युलेक्स लामखुट्टेले सार्छ । रोग सार्ने लामखुट्टे बिहान र बेलुका सक्रिय हुन्छन् । यो रोग भाइरसबाट संक्रमित चराचुरुंगी र सुँगुरलाई टोक्ने लामखुट्टे सुरुमा आफू संक्रमण हुन्छ र त्यसले टोक्दा मानिसमा संक्रमण सर्छ ।

डा. गौतमका अनुसार भारतको गोरखपुरमा सन् १९९० को दशकमा ठूलो प्रकोप देखिए पनि नेपालमा यस रोगको इतिहास अझै पुरानो छ । 'सन् १९७८ तिर रुपन्देहीमा संक्रमण भएको देखिन्छ । त्यतिबेला प्रमाणित गर्ने प्राविधिक सुविधा थिएन, तर लक्षणहरूका आधारमा जई नेपालमा देखिएको अनुमान लगाइएको छ,' डा. गौतम भन्छन् । सन् २००३ देखि आधिकारिक परीक्षण सुरु भयो । त्यसबेला ढाडबाट पानी र रगतको नमुना परीक्षणमार्फत जई संक्रमण पुष्टि भयो ।

डा. गौतम भन्छन्, 'बाँके, बर्दिया, कैलाली, कञ्चनपुर लगायतका क्षेत्रहरूमा पश्चिमतिर र पूर्वतिर पनि झापा, मोरङ, उदयपुर लगायतका ठाउँहरूमा पनि संक्रमित देखिन थाले । सबैभन्दा बढी तराई क्षेत्र प्रभावित भयो ।' संक्रमण नियन्त्रणका लागि सन् २००६ देखि जोखिम क्षेत्रका एक वर्षमाथि बालबालिकालाई खोप दिन सुरु गरियो । सन् २००६ देखि २००९ सम्म बिस्तारै सबै प्रभावित क्षेत्रमा खोप कार्यक्रम विस्तार भयो । त्यसपछि ती क्षेत्रमा संक्रमण घटेको देखियो । खोपले काम गर्छ भन्ने प्रमाणित गर्‍यो ।

तर, लामखुट्टेको वृद्धिविकास र मानिसको आवतजावतसँगै जेई पहाडसम्म नै फैलिन थाल्यो । त्यसपछि सन् २०१५ मा राष्ट्रिय खोप सल्लाहकार समितिले सिफारिस गरी बाँकी ४४ जिल्लामा १५ वर्षसम्मका सबै बालबालिकालाई खोप दिने निर्णय गरियो । सन् २०१५ मा १५ वर्षसम्मका सबैलाई दिइएको खोप दिइयो । अहिले जेई खोपलाई नियमित खोपको रूपमा लागु गरिएको छ ।

### पछिल्ला वर्षमा संक्रमित र मृत्यु दुवै बढे

महाशाखाको तथ्यांक अनुसार सन् २०१५ मा जेइबाट ५० जना संक्रमित भएका थिए । यस्तै सन् २०१६ मा ९४, सन् २०१७ मा ८१ जना संक्रमित हुँदा एक जनाको मृत्यु भयो । सन् २०१८ मा ५८, सन् २०१९ मा ७०, सन् २०२० मा २४, सन् २०२१ मा २८, सन् २०२२ मा ७९ संक्रमित भएका छन् । यस्तै सन् २०२३ मा नेपालमा १०७ जनामा संक्रमण पुष्टि हुँदा ७ जनाको मृत्यु भएको थियो । सन् २०२४ मा भने ८६ जना संक्रमित हुँदा २५ जनाको मृत्यु भयो । जुन संक्रमित मध्ये २९ प्रतिशतको मृत्यु भएको छ । लामखुट्टेजन्य रोगको स्वरूप जलवायु परिवर्तनसँगै बदलिँदै पहाडसम्म चढेका कारण संक्रमित संख्या र मृत्यु पनि बढ्दै डा. गौतम बताउँछन् ।

### ५० प्रतिशतलाई स्नायु प्रणालीमा दीर्घकालीन असर

जापानिज इन्सेफलाइटिस डेंगु भाइरस समावेश भएको 'फ्लेभी भाइरस' समूहअन्तर्गत पर्छ । यो क्युलेक्स जातको लामखुट्टेले फैलाउने गर्छ । विश्व स्वास्थ्य संगठनले उल्लेख गरेअनुसार लक्षण सहितका संक्रमितहरु एसियामा झन्डै एक लाखको हाराहारीमा वर्षेनी देखिने गर्छ । यसको मृत्युदर अधिकतम ३० प्रतिशत छ । त्यसैले यसलाई उच्च घातक संक्रमण मान्न सकिन्छ । उपचारपछि पनि करिब ५० प्रतिशतसम्मलाई स्नायु प्रणालीमा दीर्घकालीन असर देखिने गर्छ ।

डा. गौतमका अनुसार जापानी इन्सेफलाइटिस प्राय: धान खेती हुने ठाउँ, स्थिर पानी जम्ने क्षेत्र, सुँगुर र हाँस पालन हुने स्थानमा बढी देखिन्छ । 'धानखेतमा पानी जम्मा हुने भएकाले लामखुट्टे प्रजनन गर्न सजिलो हुन्छ । त्यस्तै, सुँगुर र हाँसलाई संक्रमित लामखुट्टेले टोक्दा भाइरसलाई हजारौं गुणा बढाइदिन सक्छन्,' डा. गौतम भन्छन् । उनका अनुसार संक्रमित लामखुट्टेले सुँगुर वा हाँसलाई टोक्दा भाइरस ती जनावरभित्र तीव्र रूपमा बढ्छ । त्यही भाइरस अर्को लामखुट्टेमा सरेपछि फेरि मानिसलाई पनि संक्रमित गर्नसक्छ । तर मानिसभित्र भने भाइरस त्यति धेरै गुणा बढ्दैन, जसका कारण मानिसबाट अर्को मानिसमा संक्रमण सर्दैन ।

डा. गौतमले कृषि क्षेत्रसँग आबद्ध समुदायलाई विशेष सतर्क रहनुपर्ने बताए । उनका अनुसार पछिल्ला तथ्यांकले ७० प्रतिशत संक्रमित कृषिमा संलग्न वा धानखेती तथा पशुपालन गर्ने वर्गका व्यक्तिहरू हुने देखाएको छ ।

विशेषगरी यो भाइरसबाट १५ वर्षमुनिका बालबालिकाहरु बढी प्रभावित हुने गर्छन् । अधिकांशमा संक्रमितमा लक्षण सामान्य वा देखिँदै देखिँदैन । तर २५० संक्रमितमध्ये एकजनामा भने लक्षणले कडा रूप (स्नायु प्रणालीमा जटिल समस्या आउने) लिने गर्छ । संक्रमितमध्ये ३० प्रतिशतको मृत्यु हुन्छ । ५० प्रतिशतसम्ममा प्यारालाइसिस वा अन्य न्युरोलोजिकल समस्या हुन्छ । जेई भाइरस उच्च घातक मात्र होइन, यदि उपचार गरेर बचाउन सकियो भने पनि यीमध्ये झन्डै ५० प्रतिशतमा जीवनभर नसासँग सम्बन्धित अपांगता पनि गराउन सक्छ ।

कम्पन आइरहने, सुन्ने शक्ति वा दृष्टि गुम्ने, बोल्ने क्षमता अनि स्मृतिमा ह्रास हुने, बोलाइ/ इस्पिच कमजोर हुने, हातखुट्टा लुला हुने जस्ता समस्या देखिन सक्छ । बाँकी २० देखि ३० प्रतिशतको हाराहारीमा बिरामी भने पूर्ण रूपमा निको हुने गर्छन् । संक्रमण भएको चारदेखि १४ दिनसम्ममा यसको लक्षण देखिन सुरु हुन्छ । उच्च ज्वरो आउनु, टाउको दुख्नु, घाँटी कडा (अररो) हुनु, अन्योलमा देखिनु, मांसपेसी कडा हुनु, अचेत हुनु र उपचारमा विलम्ब भए मृत्यु समेत हुन्छ ।

यसको विशेषगरी औषधि वा एन्टिभाइरल औषधि भने हुँदैन । उपचार लक्षण वा जटिलतामा आधारित हुने गर्छ । तर, सबै संक्रमितमा लक्षण देखिँदैन । धेरैलाई सामान्य रूपमा संक्रमण भएर निको हुन्छ । डेंगु तुलनामा केस संख्या कम देखिने भए पनि मृत्यु दर भने उच्च रहने विज्ञ बताउँछन् ।

### लामखुट्टेजन्य रोग नियन्त्रणमा 'एकीकृत रणनीति' आवश्यक

हाल नेपालमा लामखुट्टेजन्य रोगहरू 'इमर्जिङ डिसिज'को रूपमा चुनौती बनेका छन् । संक्रामक रोग विशेषज्ञ डा. शेर बहादुर पुनले नेपालमा बढ्दो लामखुट्टेजन्य रोगलाई नियन्त्रण गर्न छुट्टाछुट्टै कार्यक्रमभन्दा 'एकीकृत रणनीति' अपनाउनुपर्ने सुझाव दिन्छन् । उनका अनुसार अहिले जापानी इन्सेफलाइटिस, डेंगु, मलेरिया, हात्तीपाइले र हालै देखिन थालेको चिकनगुनिया जस्ता रोग सबै लामखुट्टेबाट सर्ने भएकाले एउटै किसिमको समग्र अभियानमार्फत नियन्त्रण गर्न सकिन्छ ।

'हामीले लामखुट्टे नियन्त्रणका अभियानलाई छुट्टाछुट्टै नाम र बजेटसहित सञ्चालन गर्दै आएका छौं । तर एउटै लामखुट्टेबाट विभिन्न घातक रोग फैलिरहेका छन् । त्यसैले यसलाई अलगअलग नभई समग्र रोग नियन्त्रण अभियानमार्फत अघि बढाउन सकिन्छ,' डा. पुनले भने । लामखुट्टे नियन्त्रणलाई 'बहुउद्देश्यीय स्वास्थ्य रणनीति'को रूपमा लिनुपर्ने उनको तर्क छ । जापानी इन्सेफलाइटिस एक समय हराएको जस्तो देखिएको थियो, अहिले फेरि बढ्दै छ । डेंगु त हरेक वर्ष महामारीको स्वरूपमै आउँछ ।

उनले सरकारलाई लामखुट्टे नियन्त्रणका छुट्टाछुट्टै बजेट र कार्यक्रमलाई एकीकृत गरेर दीर्घकालीन रणनीति बनाउन सुझाव दिए। 'दीर्घकालीन रणनीतिकोलाई व्यवहारमा उतार्न सक्दा नेपाल दक्षिण एसियामै रोग नियन्त्रणको 'मोडेल' बन्न सक्छ,' डा. पुन भन्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# भारित औसत मूल्य गणनाले सेयर बजार झन् घटाएको हो ?

काठमाडौं /आइतबार सेयर बजार बन्द हुँदा ३० अंक घटेकोमा भारित औसत मूल्य गणनापछि ३१ ले घट्यो । गत बिहीबार पनि बन्द हुँदा ३७ अंक घटेकोमा गणनापछि ३८ अंक घट्यो । भारित औसत मूल्य गणनाले बजार घट्दा थप अंक घट्ने मात्रै होइन बढ्दाको अंक पनि केही खस्किने गरेको छ ।

गत साता मंगलबार बजार बन्द हुँदा ९ अंक बढेकोमा गणनापछि जम्मा ४ अंक मात्रै बढ्यो । त्यस्तै बुधबार बजार बन्द हुँदा ५६ अंक बढे पनि भारित औसत मूल्य गणनापछि जम्मा वृद्धि ५३ अंकमा सीमित रह्यो । यसरी बन्द हुँदाको नेप्से अंकभन्दा भारित औसत मूल्य गणनापछिको अंकमा परिवर्तन हुँदै आएको छ । भारित औसत मूल्य गणनाले नेप्सेलाई प्राय: झार्न थालेपछि केही लगानीकर्ताले विरोध जनाएका छन् ।

केहीले नेपाल धितोपत्र बोर्ड र नेप्सेका उच्च अधिकारीलाई भेटेर अन्तिम १५ मिनेटको भारित औसत गणना स्थगित गर्न आग्रह गर्दै आएका छन् । 'भारित औसत मूल्य गणनाले बजारको परिसूचक झार्‍यो भन्ने उद्देश्यले मात्रै केहीले यसको विरोध जनाएका छन्' नेप्सेका प्रवक्ता मुराहरि पराजुलीले भने 'यसको वास्तविक महत्व नबुझेर त्यसो गरिएको हो ।' भारित औसत मूल्य गणनाले नेप्से घट्ने मात्रै हुँदैन । यसको गणनाले गिरावट दर कम हुने वा थप बढ्ने पनि हुन्छ । तर यो अन्तिम १५ मिनेटमा हुने कारोबारमा ठूलो सेयर संख्या र मूल्यमा निर्भर रहन्छ । त्यसबाट कम्पनीको पूँजीकरणमा हुने परिवर्तनले समग्रमा नेप्सेलाई प्रभाव पार्दछ । गत चैत ७ गतेदेखि लागू भएको अन्तिम १५ मिनेटको भारित औसत मूल्य गणनामा अहिले आएर लगानीकर्ताले विरोध जनाउनु बजार घट्दाको आक्रोश मात्रै रहेको नेप्सेको भनाइ छ । नेप्से परिसूचक घट्दा लगानीकर्ताले राम्रा पक्षलाई समेत नकारात्मक रुपमा टिप्पणी गर्ने गरेका छन् ।

'चैतबाट लागु भएको यो गणना विधिपछि बजार बढेर असार १३ गते ३००२ अंकसम्म पुग्यो, त्यतिबेलासम्म कसैलाई केही फरक परेन, अहिले बजार घट्न थाल्दा यसैले घट्यो भन्नु गलत हो' पराजुलीले भने । लगानीकर्ताको विरोधपछि धितोपत्र बोर्डले समेत यस विषयमा अध्ययन गर्न आन्तरिक कमिटी बनाएको छ । सो कमिटीले दिने सुझावपछि मात्रै यसबारे निर्णय हुने बोर्डका एक उच्च अधिकारीले बताए ।

भारित औसत मूल्य गणनाले अन्तिम समयमा हुने सबै चलखेल बन्द भएको छ । विगतमा कारोबार बन्द हुँदा अन्तिम मिनेटमा 'लोक्याप' कम्पनीलाई सीमित केही व्यक्ति वा समूहले माथि उचाल्ने गर्दथे । माथि उचालिसकेपछि भोलिपल्ट ती कम्पनीमा अन्य लगानीकर्ताको पनि आकर्षण बढ्ने भएकाले मूल्य महँगो बनाएर बेच्नेगरी चलखेल हुने गर्दथ्यो । तर अहिले त्यो क्रम रोकिएको छ । यहीं चलखेल गर्न चाहनेले अहिले भारित औसत गणनाको विरोध गर्दै आएको नेप्सेको तर्क छ । नेपालमा मात्रै नभइ अन्य मुलुकमा पनि यस्तै भारित औसत गणनापछि अन्तिम सूचक तयार हुन्छन् । 'बजार बढिरहेको भए यसमा खास विरोध हुँदैनथ्यो, तर घट्न थालेपछि विरोध हुन थाल्यो' एक ब्रोकर सञ्चालकले भने 'अर्कोतर्फ नेप्सेसँग विकसित अटोमेटेड प्रविधि नहुँदा विश्वसनियता पनि कमजोर भएको हो ।'

नेप्से र धितोपत्र बोर्डले लगानीकर्तालाई बुझाउन नसक्दा विरोध आएको उनले बताए । 'नेप्सेले यसबारे लगानीकर्तालाई र राम्ररी बुझाउन सकेन, पछिल्लो समय यसले बजार थप घटाएको देखिन्छ' उनले भने 'नेप्सेले पनि स्तरीय अटोमेटेड सिस्टम विकास गरेपछि बल्ल यसको तयारी गर्नुपर्दथ्यो, एक पटक बिग्रिएको पनि थियो, फेरि त्यस्तै नहोला भन्न सकिँदैन, यसले विश्वसनीयता घटाउँछ ।'

यसअघि अन्तिम १५ मिनेटको भारित औसत मूल्य गणनामा त्रुटि भएपछि बजार बन्द भइसकेपछि नेप्सेको अंक तीन पटकसम्म परिवर्तन भएका उदाहरण पनि छन् । साउन १२ गते बजार बन्द भएपछि भारित औसत मूल्य गणनापछि नेप्से २ अंक घटेको देखियो । जबकि भारित औसत मूल्य गणनाअघि १० अंक बढेको थियो । त्यतिबेला भारित औसत गणनामा प्राविधिक त्रुटि भएको भन्दै नेप्सेले क्षमायाचनासहित अंक सच्यायो । अन्तत: भारित औसत गणनाको त्रुटि सच्याएपछि नेप्से ७ अंक बढ्न पुग्यो । फेरि फेरि यस्ता त्रुटि नदाहोरिएलान् भन्ने विश्वसनीय आधार पनि नेप्सेसँग छैन ।

अहिले पनि लगानीकर्ता बेला बेला भारित औसत गणनामा त्रुटि भएको महसुस गर्छन् । नेप्सेको अंक त्यस्तै किसिमको देखिने गरेको छ । २ : ४५ बजेदेखि ३ बजेसम्म नेप्से परिसूचकले नछोएको विन्दु भारित औसतका क्रममा तय हुने गरेको देखिन्छ । नेपाल इन्भेस्टर्स फोरमका पूर्व अध्यक्ष अम्बिकाप्रसाद पौडेल अहिले पनि बेलाबेलामा भारित औसत गणनामा त्रुटि भएको महसुस गर्छन् ।

'भारित औसत मूल्य गणना विधि म्यानुअल्ली हुँदो रहेछ, यसले गर्दा बेलाबेला त्रुटि हुन सक्ने आधार प्रशस्त रहन्छ' उनले भने 'त्यसकारण विकसित अटोमेटिक सिस्टम नभएकाले यसप्रति विश्वसनियता नभएको हो ।' आफूहरुको अध्ययनका क्रममा कुनै कुनै दिन गणनामा त्रुटि भएको पाइएको उनले दाबी गरे । 'यदि अन्तर्राष्ट्रिय अभ्यास अनुरुप नै गणना भइरहेको हो भने त्यसमा हामीलाई विश्वास दिलाउ अन्यथा हामीले त्योअनुसारको अभ्यास लागु गर्न सक्दैनौं भने भारित औसत गणना पनि लागु नगर' पौडेलले भने ।

भारित औसत गणनाले कस्तो अवस्थामा बजार घट्छ, कस्तोमा बढ्छ ? २:४५ बजेदेखि ३ बजेसम्म कारोबार हुने सबै सेयरको भारित औसत गणना हुने गर्छ । सो अवधिमा भएको अर्थ ठूलो परिमाणको सेयरले सूचकलाई बढी प्रभाव पार्दछ । ठूलो परिमाणको सेयर न्यून मूल्यमा कारोबार हुनु र सानो परिमाणको सेयर उच्च मूल्यमा कारोबार हुनुमा ठूलो अन्तर पर्न जान्छ । ठूलो परिमाणको सेयर ठूलै दरमा कारोबार भएमा मात्रै त्यसले बजार बढाउनलाई बल पुग्छ ।

*(स्रोत: अनलाइनखबर)*

# 'हरिबहादुरको जुत्ता'को 'ढाका टोपी शिरैमा' गीत सार्वजनिक



काठमाडौं/यसपालिको दशैंको फूलपातीबाट प्रदर्शन हुन लागेको फिल्म 'हरिबहादुरको जुत्ता'को दोस्रो गीत 'ढाका टोपी शिरैमा' युट्युबमा सार्वजनिक भएको छ । सोमबार काठमाडौंमा एक कार्यक्रमको आयोजनापछि सार्वजनिक गरिएको उक्त गीतमा आशिष अविरल र मेलिना राईको स्वर, दानबहादुर कार्कीको शब्द र दीपक शर्माको संगीत छ । गीत लोक लयमा आधारित छ ।

किरण थापाको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी प्रकाश सपूत र स्वस्तिमा खड्काले आकर्षक नृत्य प्रस्तुत गरेका छन् । भिडियोका केही दृश्यमा कलाकार हरिवंश आचार्यलाई पनि देख्न सकिन्छ । माया-प्रेम र नोकझोंकको वरिपरि घुमेको गीतको भिडियोमा प्रकाश र स्वस्तिमाको पात्रबीच आकर्षण र असहमतिको द्वन्द्व देखिन्छ ।

दीपेन्द्र के. खनालको निर्देशनमा बनेको फिल्ममा हरिवंश, प्रकाश र स्वस्तिमासहित प्रियंका कार्की, हरिहर शर्मा, दिव्य देव, किरण केसी, राजाराम पौडेल, दिनेश काफ्ले, कमलमणि नेपाल लगायतको अभिनय रहेको छ । फिल्ममा हरिवंशले आफ्नो चर्चित पात्र हरिबहादुरको भूमिका निभाएका छन् । चोरको छवि बनाएको यो पात्रको भावनात्मक पाटो फिल्ममा देखाइएको उनले बताए ।

सरोज ओली र मोहितवंश आचार्यले निर्माण गरेको यो फिल्ममा कृष्ण बहादुर थापाको छायांकन र नहकुल खड्काको सम्पादन रहेको छ । फिल्मको यसअघि सार्वजनिक 'बेला बितेसी' दर्शकमाझ लोकप्रिय बनिरहेको छ । युट्युबमा यो गीतलाई २० लाखभन्दा बढी पटक हेरिएको छ भने २ लाख बढी टिकटक भिडियो बनेका छन् ।

# 'झरीपछिको इन्द्रेणी'बाट नेवारी स्टार रोजमानको पार्श्व गायनमा डेब्यु



काठमाडौं/चर्चित नेवारी गायक तथा संगीतकार रोजमान महर्जनले फिल्म 'झरीपछिको इन्द्रेणी'बाट पार्श्व गायनमा डेब्यु गरेका छन् । उनले यो फिल्मको 'धन्य धन्य लोकेश्वर' बोलको गीतमा स्वर दिएका हुन् । यसै साता काठमाडौंको सुर मेलोडी रेकर्डिङ्ग स्टुडियोमा रेकर्ड गरिएको गीतमा उनलाई नेवारी गायिका रत्न शोभा महर्जनले गायनमा साथ दिएकी छन् ।

रोजमानले गाएका नेवारी गीतहरू 'मखं त्वा: याग्वा:', 'माया मदुला', 'ऐला लुवया', 'सालगु गाचा' निकै चर्चित छन् । रत्नाले पनि 'जिगु लें', 'का नु वने मिजिथाय् मैंचा', 'लिक्का वय जिता ढला वह' लगायत तीन दर्जनभन्दा बढी नेवारी गीत गाइसकेकी छन् । पहिलो पटक नेपाली फिल्मको गीत गाउन पाएकोमा उनीहरूले खुसी व्यक्त गरेका छन् ।

'धन्य धन्य लोकेश्वर' गीतको संगीत संयोजन सुरेन्द्र श्रेष्ठले गरेका छन् । बाँसुरीमा रुविन श्रेष्ठ, खिन/मादलमा लक्ष्मी डंगोल, सितारमा राजीव श्रेष्ठ, र गितारमा सुरेन्द्र श्रेष्ठको प्रस्तुति रहेको छ । यो गीतले नेपाली मौलिक बाजा, भक्ति भावना र सांस्कृतिक सम्पदाको संरक्षण गर्दै फिल्ममा भावनात्मक गहिराइ थपेको निर्देशक अर्जुन घिमिरे (पाँडे)ले बताएका छन् ।

एक महिनादेखि काठमाडौं आसपासमा छायांकन भइरहेको फिल्ममा एउटा गीत काठमाडौं महानगरपालिकाका मेयर बालेन शाहले पनि गाएका छन् । यो फिल्ममा निर्देशक घिमिरेसहित गणेश उप्रेती, दीपाश्री निरौला, रमेश उप्रेती, निर्मल शर्मा, प्रियाना आचार्य (मुन्नी) लगायतको अभिनय रहेको छ । गणेशले यही फिल्मबाट ९ वर्षपछि पुनरागमन गरेका हुन् ।

# 'कुमारी'को घोषणामा केहरले गाएको गीत 'कहाँ छौ' रिलिज



काठमाडौं/गत शुक्रबार काठमाडौंको टुँडिखेलमा एक सांगीतिक कार्यक्रमका बीच लभस्टोरी फिल्म 'कुमारी'को घोषणा गरिएको थियो । त्यस कार्यक्रममा गायक केहर सिंह लिम्बू र उनको ब्यान्ड केहर एन्ड द लुङ्गाले फिल्मका लागि तयार पारेको गीत 'कहाँ छौ' दर्शकमाझ प्रस्तुत गरेको थियो । सोही प्रस्तुतिको भिडियोसहित सोमबार उक्त गीत युट्युबमार्फत सार्वजनिक गरिएको छ ।

प्रेमका भावना व्यक्त यस गीतमा 'कुमारी'बाट पार्श्व गायनमा डेब्यु गरेका केहर सिंह लिम्बूको स्वर सुन्न सकिन्छ । यसमा उनको ब्यान्डका सदस्यहरूको शब्द तथा संगीत रहेको छ । गीतको भिडियोमा फिल्मको घोषणा, पोस्टर अनावरण तथा कलाकारहरूको परिचय समेत समावेश गरिएको छ । फिल्मका अरु दुईवटा गीत पनि केहरले नै गाएका छन् ।

भोलि मंगलबारबाट छायांकन सुरु हुने फिल्मको निर्देशन दिनेश राउतले गर्नेछन् । लभस्टोरी फिल्मका लागि परिचित उनी करिब ८ वर्षपछि आफ्नै जनरामा फर्किएका हुन् । 'कुमारी'मा अबिशेक खड्का र आकृति राजभन्डारीको मुख्य भूमिका रहनेछ ।अबिसेकले यसअघि फिल्म 'बेहुली फ्रम मेघौली'मा अभिनय गरेका थिए । आकृति भने चर्चित गीत 'बार्दली'की मोडल हुन् ।

'प्रकाश'का निर्माता महेन्द्र अधिकारीको लगानी रहने यस फिल्ममा अबिशेक र आकृतिसँगै घनश्याम जोशी, सुनिता श्रेष्ठ, आकांक्षा कार्की, मधु खड्का, सनम श्रेष्ठ, सकु शाह, सरोज लामिछाने, मनीषा शर्मा, भूपी लुहार लगायतको पनि अभिनय रहनेछ । बिनिश इन्टरटेन्मेन्ट र पिक्चर फ्रेमको सहकार्यमा बन्न लागेको यो फिल्ममा विकास सुवेदीको लेखन रहेको छ ।

फिल्ममा सुसन प्रजापतिको छायांकन, सुप्रिम पराजुलीको रङ्ग संयोजन, उत्तम न्यौपानेको साउन्ड डिजाइन, किरण थापाको कोरियोग्राफी, केहर सिंह लिम्बू, सुमन तामाङ र प्रशान्त सिवाकोटीको संगीत तथा सागर लामिछाने मगर, सुमन तामाङ र युवराज काफ्लेको गीत रचना रहनेछ । 'कुमारी'लाई यसै वर्ष प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कैलाशका लालकुमारको घर बन्ने, मुख्यमन्त्री बानियाँले दिए २ लाख रुपैयाँ

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ मकवानपुरको विकट मानिने कैलाशका लालकुमार प्रजाको सुरक्षित आवास बन्ने भएको छ । वडा नम्बर ४ धुसाराङ निवासी ५० वर्षका लालकुमार केही समयदेखि जीर्ण अवस्थामा रहेको घरमा बस्दै आइरहेका थिए ।



सीमान्तकृत त्यसमा पनि अति विपन्न अवस्थामा रहेका उनी जीर्ण घरलाई बनाउन नसक्दा सोही घरमा असुरक्षित महसुशका साथ बस्दै आइरहेका छन् । २०३२ सालमा जन्मिएका लालकुमारका कुनै सन्तान छैनन् । उपचार गर्दा सन्तान नहुने भएपछि उनी श्रीमतीसँगै बस्दै आइरहेका छन् । लालकुमारको २ कठ्ठा नम्बरी र करिब ३/४ कठ्ठा ऐलानी जग्गा भोगचलन गरी गाउँमै कृषि पेशा गर्दै आइरहेका छन् । उनकी श्रीमती सानुमाया चेपाङ सानै उमेरमा हात जलेर अपाङ्गताको रुपमा रहेकी छिन् । खेतीसँगै घरमा बाख्रा, कुखुरा पाल्दै आएका उनीहरुलाई सुरक्षित आवास निर्माणका लागि बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँसमक्ष कैलाश गाउँपालिकाले सिफारिस पेश गरेको छ ।

गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले पत्र बुझाएलगत्तै लालकुमारको घर निर्माणको लागि मुख्यमन्त्री बानियाँले दुई लाख रकम प्रदान गरेका छन् । पालिकाभित्र सीमान्तकृत समूदाय चेपाङ, जनजाति, अति विपन्नको संख्या धेरै छन् जसमध्ये लालकुमार लाई छनोट गरी घर निर्माणको लागि सिफारिस गरिएको अध्यक्ष मुक्तानले बताए । सन्तान पनि छैनन्, खर को छानो, काठपातले मात्र घेरिएको अवस्था देखियो, जीर्ण अवस्थामा रहेकोले पनि हामीले घर निर्माणका लागि सिफारिस गरेका हौं, अध्यक्ष मुक्तानले भने ।

सिफारिसपत्र बुझ्दै मुख्यमन्त्री बानियाँले घर निर्माणको लागि पहिलो किस्तास्वरुप दुई लाख सहयोग गरेका छन् । आफ्नो निर्वाचनक्षेत्रका नागरिक गासवास र कपासबाट बन्चित हुन नपरोस् भन्ने हेतुले सुरक्षित आवासका लागि लालकुमारको घर निर्माण गरिने मुख्यमन्त्री बानियाँले बताए । कार्यक्रममा कैलाश-१ का वडाध्यक्ष तेज ब्लोन, २ का वडाध्यक्ष राजेन्द्र घिसिङ, वडा ७ का अध्यक्ष उदासकुमार भुलन, ८ का अध्यक्ष आशिष प्रजा, ९ का अध्यक्ष भुवनसिं घलान, कैलाश गाउँपालिका नेपाली कांग्रेस वडातहका सभापतिहरुको उपस्थिति रहेको थियो ।

सुमनसिंको घर बनाउन पहिलो किस्ताबापत मुख्यमन्त्रीले दिए २ लाख

राक्सिराङ गाउँपालिका-१ इन्द्रङ्का विपन्न सुमनसिं चेपाङको घर बनाइदिने घोषणा गरेका मुख्यमन्त्री बानियाँले घर निर्माणका लागि पहिलो किस्ताबापत २ लाख रुपैयाँ हस्तान्तरण गरेका छन् ।

गाउँपालिका जनप्रतिनिधि र नेपाली काँग्रेसका स्थानीय नेताको रोहबरमा बानियाँले घर निर्माणको जिम्मा लिने पक्षलाई सोमबार २ लाख रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । सुत्केरी श्रीमतीलाई खुवाउने कुरा पनि केही नभएको र बस्ने घर पनि नभई झुप्रोमा बस्दै आएको थाहा पाएपछि राक्सिराङ गाउँपालिका र नेपाली काँग्रेस राक्सिराङ गाउँपालिकाको सिफारिसमा बानियाँले व्यक्तिगत खर्चमै घर निर्माण गरिदिने घोषणा गर्दै काम थालनी गर्न निर्देशन दिएका थिए । मुख्यमन्त्रीमा नियुक्त भएसँगै बानियाँले आफ्नो तलबभत्ताको रकमबाट निर्वाचनक्षेत्रका अति विपन्न परिवार पहिचान गरी घर बनाइदिने घोषणा गरेका थिए ।

सोही घोषणाबमोजिम राक्सिराङको चेपाङ र मनहरीको एक विपन्न दलित महिलाको घर निर्माण सुरु भएको छ । दसैंअघि नै दुबै घर निर्माण सक्ने गरी काम गर्न मुख्यमन्त्री बानियाँले स्थानीय जनप्रतिनिधि र पार्टी नेतालाई निर्देशन दिएका छन् । राक्सिराङ १ का सुमनसिंघको २ वटा कोठा, एउटा भान्छासहित ट्वाइलेट बाथरुम भएको घर दशैंअघि नै निर्माण सम्पन्न गर्ने योजना रहेको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । घर बनाउन खर्च हुने सबै रकम मुख्यमन्त्री बानियाँले बेहोर्नेछन् ।


मुख्यमन्त्री बानियाँले मनहरी गाउँपालिका-९ कि विपन्न दलित एकल मिठुमाया सुनारको पनि घर निर्माणका लागि यसअघि नै पहिलो किस्ताबापत २ लाख रुपैयाँ हस्तान्तरण गरिसकेका छन् । यसअघि मुख्यमन्त्री बानियाँले मनहरी गाउँपालिका वडा ९ निवासी मिठुमाया सुनारको घर निर्माणका लागि आवश्यक सहयोग गरिसकेका छन् ।

## उत्तरविधायिकी परीक्षणको प्रतिवेदन पेश

# सरकारी निकायमा समन्वयको कमी भएको निष्कर्ष

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ बागमती प्रदेशसभामा उत्तरविधायिकी परीक्षणको प्रतिवेदन पेश गरिएको छ । सोमबार बसेको प्रदेशसभा बैठकमा प्रदेश मामिला समितिका सभापति छिरिङदोर्जे लामाले प्रदेश सुशासन ऐन २०७७ को उत्तर विधायिकी परीक्षणको प्रतिवेदन पेश गरेका हुन् ।



प्रतिवेदन पेश गर्दै सभापति लामाले प्रतिवेदन केवल एउटा दस्तावेज मात्र नभएर लोकतान्त्रिक अभ्यासलाई संस्थागत गर्ने प्रयास भएको बताए । कुनै पनि ऐनको वास्तविक मूल्याङकन कागजीस्वरुपमा नभई व्यवहारिक जीवनमा नागरिकले अनुभव गरेको परिणाममा निहित हुने उनको भनाई छ । सभापति लामाले प्रतिवेदन भविष्णको लागि समेत मागदर्शक हुने विश्वास व्यक्त गरे । प्रतिवेदनमा समितिले प्रदेश सरकारको सामु विभिन्न चुनौती औंल्याएका छन् । सुशासन ऐनले नागरिकलाई जवाफदेही, पारदर्शी र जनमैत्री सेवाप्रवाह गर्ने कानुनीआधार तयार गरेको भएतापनि व्यवहार र कार्यान्वयनमा पर्याप्त चुनौती देखिएको सभापति लामाले बताए ।

उनका अनुसार सरकारी निकायमा अझै समन्वयको कमी, श्रोतसाधनको अभाव र क्षमता विकास प्रमुख चुनौतीको रुपमा देखापरेका छन् । सेवाग्राहीलाई समयमै गुणस्तरीय सेवा दिन नसकिएको, समयमै गुनासो व्यवस्थापन गर्ने प्रणाली अझै कमजोर रहेको र सार्वजनिक सेवाप्रवाहमा प्रविधिको प्रयोग बढाउनुपर्ने देखिएको सभापति लामाले बताए ।

वित्त पारदर्शीता, भ्रष्टचार नियन्त्रण र सार्वजनिक नीति निर्माणमा नागरिकको सहभागिता सुनिश्चित्तता गर्नेतर्फ अझै ठोस कदम चाल्नुपर्ने प्रतिवेदनमा उल्लेख गरिएको छ । संघ, प्रदेश र स्थानीय सरकारबीचको समन्वय अझै सुदुढ हुन नसकेको उनले बताए ।

प्रतिवेदनमा समितिले देखिएका चुनौतीलाई समाधान गर्न विभिन्न सिफारिस गरेको छ । ऐन कार्यान्वयन गर्ने निकायको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने, सेवाप्रवाहमा सूचनाप्रविधि र डिजिटलाईजेशन प्राथमिकताका साथ लागु गर्न, नागरिकको गुनासो समाधान प्रणालीलाई छिटो, सरल र प्रभावकारी बनाउन सिफारिस गरिएको छ । सभापति लामाका अनुसार भ्रष्टचार नियन्त्रणको लागि नियमक निकायबीच सहकार्य र निगरानी सुदृढ गर्न, आर्थिक मितव्यतिता, नागरिकले चुस्तदुरुस्त सेवा प्राप्त गर्न र प्रशासनिक कार्य सहज ढंगले कार्यान्वयन गराउन संरचनागत सुधार गर्न पनि सिफारिस गरिएको छ ।

सुशासन प्रवर्द्धनको लागि प्रदेश, स्थानीय र संघीय सरकार बीच समन्वय सुनिश्चित गर्नुपर्ने, सार्वजनिक सेवामा पारदर्शीता बढाउन खुल्ला सरकार अभ्यास र नागरिक सहभागिता प्रवर्द्धन गर्नुपर्नेमा जोड दिइएको छ । नीतिगत, कानुनी र प्रशासनिक संरचनालाई सुदुढ बनाउन नियमित तालिम सञ्चालनमा जोड दिनुपर्ने, ऐनको केही दफाहरुलाई संशोधन गरी ऐनलाई अझ परिपक्क, समय सापेक्ष परिकृत गर्नुपर्ने सिफारिस प्रतिवेदनमा समावेश गरिएको सभापति लामाले बताए । प्रतिवेदनका सिफारिसलाई आगामी नीति कार्यक्रममा आत्मसात गर्नसके प्रदेश सरकारले सुशासनको क्षेत्रमा उदाहरणीय काम गर्न सक्ने उनले विश्वास गरे ।

प्रदेशसभा गठन भएयताको सात वर्षपछि पहिलोपटक उत्तर विधायिकी परीक्षण गर्ने अभ्यास सुरु गरेको हो । उत्तरविधायिकी परीक्षणमा कानुन कार्यान्वयनको अवस्था, विधायिकी मनसायअनुसार कार्यान्वयन भए वा नभएको, राज्यको आवश्यकता र उद्देश्य हासिल हुन सके वा नसकेको अध्ययन गरिन्छ ।

# संघसंस्था ऐन-२०८२ को मस्यौदा विरुद्ध तीव्र असन्तुष्टि, पुनर्लेखनको माग

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/गृह मन्त्रालयले सार्वजनिक गरेको संघसंस्था ऐन-२०८२ को मस्यौदाप्रति नागरिकसमाज, गैरसरकारी संघसंस्था र सरोकारवाला पक्षले तीव्र असन्तुष्टि जनाउँदै तत्काल पुनर्लेखन गर्न माग गरेका छन् ।




उनीहरुले प्रस्तावित प्रावधानले संविधानले प्रत्याभूत गरेका मौलिकहक, संघसंस्था खोल्ने स्वतन्त्रता र लोकतान्त्रिक अभ्यासमै संकुचन ल्याउने दाबी गरेका छन् । सोमबार हेटौंडामा गैरसरकारी संस्था महासंघ नेपाल, बागमती प्रदेश र मकवानपुर शाखाले आयोजना गरेको छलफलमा १८ बुँदे असहमति र मागपत्र सार्वजनिक गरिएको छ । छलफलमा सहभागी सरोकारवालाले मस्यौदा नियमन भन्दा बढी नियन्त्रणमुखी रहेको भन्दै यसले नागरिक स्वतन्त्रता, संघसंस्थाको स्वायत्तता, पारदर्शिता र सहभागितामा प्रतिकूल असर पार्ने बताए ।

महासंघका बागमती अध्यक्ष कमलकुमार विश्वकर्माले मस्यौदा नागरिकसमाजलाई सहज बनाउन नभई नियन्त्रण गर्ने उद्देश्यले ल्याइएको स्पष्ट पार्दै, 'संविधान र संघीयताको मर्मविपरीत प्रावधान समावेश गरिएका छन्, जसले अनावश्यक प्रशासनिक झन्झट सिर्जना गर्छ र विदेशी गैससलाई निरुत्साहित गर्छ,' उनले भने । सरोकारवालाले चार तहको दर्ता प्रणाली, सम्पत्ति खरिद बिक्रीमा रोक, महालेखापरीक्षकबाट मात्र लेखापरीक्षण गर्ने जस्ता व्यवस्था अव्यवहारिक रहेको निष्कर्ष निकाले । त्यस्तै, वैदेशिक सहयोग लिन झन्झटिलो प्रक्रिया, महासंघ वा सञ्जालमा सदस्यता लिन पञ्जिकाधिकारीको स्वीकृति लिनुपर्ने, कर्मचारीको गल्तीमा पदाधिकारीलाई दोषी ठहर्‍याउने प्रावधान संस्थाको स्वायत्ततामाथि प्रहार हुने भन्दै सच्याउन माग गरे ।

छलफलमा सहभागीले वैदेशिक सहयोग, अधिकार र विकासका क्षेत्रमा कार्यरत संघसंस्थाका लागि छुट्टै सामाजिक विकास बोर्ड गठन गर्नुपर्ने सुझाव पनि दिए । उनीहरुले नागरिक स्वतन्त्रता सुनिश्चित गर्ने गरी मस्यौदा सच्याउनुपर्नेमा जोड दिंदै, अन्यथा सरोकारवालासँग सहमतिबिना ऐन पारित भए आन्दोलनमा उत्रिन बाध्य हुने चेतावनीसमेत दिएका छन् ।

कार्यक्रमपश्चात आन्तरिक तथा कानुन मन्त्री शिवराज अधिकारीलाई ध्यानाकर्षणपत्र बुझाइएको छ भने मंगलबार मकवानपुर प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठलाई बुझाइने कार्यक्रम छ । नेपाल बार एसोसिएसन र गैरसरकारी संस्था महासंघका प्रतिनिधिले मस्यौदामा भएका कमजोरी सच्याएर मात्र अघि बढाउनुपर्नेमा जोड दिएका छन् ।

## मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानद्वारा संचालित

# हेटौंडा अस्पतालको निर्देशकमा डा. सापकोटा

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान, हेटौंडा अस्पतालको निर्देशकमा वरिष्ठ कन्सल्टेन्ट अर्थोपेडिक सर्जन डा. रामचन्द्र सापकोटा नियुक्त भएका छन् ।



प्रतिष्ठानका उपकुलपति डा.प्रदीप ज्ञवालीको सिफारिसमा बागमती प्रदेशका स्वास्थ्य मन्त्री किरण थापाले सोमबार औपचारिक रुपमा नियुक्तिपत्र प्रदान गरेका हुन् । मन्त्री थापाले हेटौंडा अस्पताललाई प्रदेशकै उत्कृष्ट स्वास्थ्य सेवा तथा शिक्षा केन्द्रकारुपमा विकास गर्ने लक्ष्यअनुसार दक्ष नेतृत्वको आवश्यकता भएको बताए । उनले डा. सापकोटा जस्तो अनुभवी र दक्ष चिकित्सकको नेतृत्वमा अस्पतालको सेवास्तर, शैक्षिक गुणस्तर र बिरामीमैत्री वातावरण हुने बताए । चितवनबासी वरिष्ठ अर्थोपेडिक सर्जन डा. सापकोटा हाल हेटौंडा अस्पतालका निमित्त निर्देशकको रुपमा कार्यरत रहेका थिए ।

पोखरास्थित मणिपाल मेडिकल कलेजबाट स्नातक तह र त्रिभुवन विश्वविद्यालयको शिक्षण अस्पताल महाराजगञ्जबाट स्नातकोत्तर अध्ययन पूरा गरेका डा. सापकोटा दशौं तहका चिकित्सककारुपमा लामो समयदेखि सेवाप्रदान गर्दै आइरहेका छन् । नियुक्तिपश्चात डा. सापकोटाले अस्पतालको स्वास्थ्यसेवा, शैक्षिक गुणस्तर र बिरामीमैत्री वातावरण बनाउन प्रतिबद्ध रहने बताए । सबैको विश्वास जित्ने गरी काम गर्नु नै मेरो पहिलो प्राथमिकता हुने उनको भनाई छ । नवनियुक्त निर्देशकले उपकुलपति डा. ज्ञवालीबाट पद तथा गोपनीयताको सपथग्रहण गरे ।

कार्यक्रममा स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतम, प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. दिनेशकुमार लम्साल, र जिस्ट्रार भीमसागर गुरागाई, मन्त्रालयका महाशाखाप्रमुख सागर घिमिरे र डा. खगेश्वर गेलाल, अस्पताल संचालन तथा व्यवस्थापन समितिका सदस्यहरु उत्सव चौलागाई, हीरा वाइबा, लक्ष्मी पौडेल, प्रतिष्ठानका प्राध्यापक सुपेन्द्र कार्की र प्रशासनप्रमुख अमर अधिकारीलगायतको सहभागिता रहेको थियो ।

# बागमतीमा प्रज्ञा प्रतिष्ठान र चलचित्र बोर्ड गठनको माग

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ बागमती प्रदेशमा 'बागमती प्रज्ञा प्रतिष्ठान' र 'बागमती चलचित्र विकास बोर्ड' गठन गर्नुपर्ने मागसहित मुख्यमन्त्री इन्द्रबहादुर बानियाँलाई मागपत्र बुझाइएको छ ।

सांस्कृतिककर्मी, स्रष्टा तथा प्राज्ञिक समुदायले मुख्यमन्त्री बानियाँलाई औपचारिक मागपत्र बुझाएका छन् । मागपत्रमा भनिएको छ, 'गीत, संगीत, नृत्य, नाटक र चलचित्र मात्रै संस्कृति होइन । संस्कृति भनेको हाम्रो संस्कार, परम्परा, भाषा, धर्म, कला, भेषभूषा, साहित्य, दर्शन र सामाजिक जीवनशैलीको समष्टिगत स्वरुप हो । यसको संरक्षण र प्रवर्द्धन विना राष्ट्रको समृद्धि सम्भव छैन ।' सांस्कृतिककर्मीले संस्कृति राष्ट्र निर्माणको आधारभूत स्तम्भ भएको भन्दै यसक्षेत्रमा समर्पित व्यक्तित्वको संरक्षण र सशक्तिकरणमा राज्यको ध्यान आवश्यक रहेको उनीहरुले बताए ।

गण्डकी, मधेश र सुदूर पश्चिम प्रदेशले प्रज्ञा प्रतिष्ठान स्थापना गरिसकेको उदाहरण दिँदै मागपत्रमा बागमती प्रदेशले पनि भाषा-साहित्य, ललितकला, संगीत तथा नाट्यलाई समेट्ने 'बागमती प्रज्ञा प्रतिष्ठान' तत्काल गठन गर्नुपर्नेमा जोड दिइएको छ । नेपाल चलचित्र विकास बोर्डजस्तै गरी प्रदेशस्तरीय 'बागमती चलचित्र विकास बोर्ड' स्थापना गर्न माग गरिएको छ ।

चलचित्रलाई संस्कृति, सम्पदा, पर्यटन र ऐतिहासिक पहिचान प्रवर्द्धन गर्ने सशक्त माध्यमकारुपमा औंल्याउँदै, सिर्जनाकर्मीको सम्मान र भविष्य सुरक्षामा जोड दिइएको छ । मागपत्रमा उल्लेख छ, '२१ औं शताब्दीको गतिमा सुसज्जित प्रदेश निर्माणका लागि यस्ता संस्थागत संरचना अपरिहार्य छन् ।

**सम्पूर्ण ब्राण्डका गाडी**

**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

# २१३ किलोग्राम गाँजा बेवारिसे अवस्थामा बरामद

साझाकुरा संवाददाता

हेटौंडा, १६ भदौ/ मकवानपुर प्रहरीले सोमबार ठूलो परिमाणमा बेवारिसे अवस्थामा लागुऔषध गाँजा बरामद गरेको छ ।

हेटौंडा उपमहानगरपालिका-३, च्यानडाँडास्थित भित्री जंगलको बाटोमा विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले २१२ किलो ८६० ग्राम गाँजा फेला पारेको हो । प्रहरीचौकी बसामाडी लेवटबाट खटिएको टोलीलाई देख्नेबित्तिकै ७/८ जना मानिसले बोकेको गाँजाको भारी जंगलतर्फ फालेर फरार भएको प्रहरीले जनाएको छ । बरामद गरिएको गाँजा आवश्यक कारवाहीका लागि रितपूर्वक सुरक्षित गरिएको छ भने फरार व्यक्तिहरुको खोजीकार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता श्यामु अर्यालले जानकारी दिए ।

मकवानपुर जिल्ला लागु औषध कारोबारको 'ट्रान्जिट पोइन्ट'का रुपमा चिनिँदै आएको छ । यसअघि पनि विभिन्न मितिमा गाँजा, खैरोहेरोइन र अन्य लागूऔषधसहित व्यक्तिहरु पक्राउ परिरहेका छन् भने ठूलो परिमाणमा बरामद भएको छ । मकवानपुर प्रहरीले लागुऔषधसहित एक युवकलाई पक्राउ गरेको छ । पक्राउ परेका व्यक्तिको साथबाट खैरोहेरोइन र ट्रामाडोल क्याप्सुल बरामद गरिएको प्रहरीले जनाएको छ ।

हेटौंडा उपमहानगरपालिका-७ मिलनचोकस्थित सडकमा शंकास्पदरुपमा हिँडिरहेका हेटौंडा-५ बस्ने ३२ वर्षीय समिर महतलाई रोकी तलासी लिँदा खैरोहेरोइन फेला परेको हो । तलासीका क्रममा उनको साथबाट १० क्याप्सुल ट्रामाडोल र ४ ग्राम ९६० मिलिग्राम खैरोहेरोइन बरामद भएको प्रहरीले पुष्टि गरेको छ । बरामद गरिएको लागूऔषध सहित महतलाई नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया पूरा गरिएको र हाल उनलाई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुरद्वारा**

**जनहितमा जारी सन्देश !**

मकवानपुर जिल्लाको छिमेकी जिल्लाहरु चितवन र सिन्धुली जिल्लामा जापानिज इन्सेफलाईटिस रोगहरु देखिएको र मकवानपुर जिल्लाभित्र लामखुट्टेको टोकाइबाट हुने डेंगी, मलेरिया कालाजार जस्ता किटजन्य रोगको बिरामीहरु दिन प्रतिदिन बढ्दो रुपमा देखापरि रहेकोमा जापानिज इन्सेफलाईटिस लगायत अन्य किटजन्य रोगको महामारी हुनबाट बच्न र बचाउन लामखुट्टेको टोकाईबाट बच्नु नै मुख्य उपाय भएको हुदा लामखुट्टेको टोकाई बाट बच्ने सबै उपायहरु जस्तै झुल प्रयोग गरेर सुत्ने, घर बाहिर जाँदा लामो बाहुला भएको लुगा लगाउने, लामखुट्टे धपाउने मलम लगाउने, घरभित्र लामखुट्टे धपाउने धुप वा स्प्रे प्रयोग गर्ने, लामखुट्टे नियन्त्रण गर्न घर वरपर झाडी तथा फोहर हटाउने, पानी भण्डारण गर्ने भाडाहरू छोपेर राख्ने तथा जापानिज इन्सेफलाईटिस रोग विरुद्ध नेपाल सरकारबाट संचालन हुने नियमित खोप लगाउन हुन् समेत अपिल गरिन्छ। याद गर्नुहोस जापनिज इन्सेफलाईटिस रोगका सामान्य लक्षणहरु ज्वरो आउनु, टाउको दुख्नु वाकवाकी लाग्नु वा नन्ता हुनु र कमजोरी महसुस हुनु हो भने गम्भीर लक्षणहरु उच्च ज्वरो आउनु, टाउको बेस्सरी दुख्नु, शरीरमा कम्पन हुनु, अर्धचेत वा बेहोस हुनु, शारीरिक कमजोरी वा पक्षघात हुनु, कोमा मा जानु समेत हुन सक्छ त्यसैले सामान्य वा गम्भीर लक्षण देखिना साथ् नजिकैको स्वास्थ्य संस्था, पालिकाको स्वास्थ्य शाखा जनस्वास्थ्य कार्यालय, स्वास्थ्यकर्मी वा महिला स्वास्थ्य स्वयमसेविका संग सम्पर्क राखौं ।

**जनस्वास्थ्य कार्यालय, मकवानपुर**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना